www.csrcnepal.org

# भूमि अधिकार

वर्ष १५ | पूर्णाङ्क ४५ | जेठ २०७४



अहिंसात्मक सामाजिक आन्दोलन

मुसहर समुदाय : गरिबीका मसिना पक्ष

विस्थापितको पुनर्वास अभियान

## पुनर्निर्माण: मुल मुद्दामा बेवास्ता

# भूमि अधिकार

वर्ष १५ | पूर्णाङ्क ४५ | जेठ २०७४


जनप्रतिनिधिसँगको अपेक्षा...४

व्यवस्थित बसोबास...५

अहिंसात्मक सामाजिक आन्दोलन...७

सामाजिक आन्दोलनमा अगुवा...१०

मुसहर समुदाय : गरिबीका मसिना पक्ष...११

पुनर्निर्माणः मुल मुद्दामा बेवास्ता ...१३


विस्थापितको पुनर्वास अभियान...१६

अन्तर्राष्ट्रिय महिला सम्मेलनमा सहभागी हुँदाको अनुभूति र सिकाइ...१९

भूमिको अथइति...२०

कहर पुस्तक पढेपछि...२२








CSRC
आत्मनिर्भर केन्द्र

प्रकाशक :
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, टोखा-१०, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३६०४८६, फ्याक्स : ९७७-१-४३५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

**ग्राफिक डिजाइन :**
बिक्रम चन्द्र मजुमदार | bmajumdar33@gmail.com

**कभर फोटो** : गुठी जग्गाको मोही पुर्जा लिएपछि खुसी हुँदै हाकुका महिला किसान ।

तस्बिर : विश्वास नेपाली ।

# जनप्रतिनिधिसँगको अपेक्षा

लामो कुराइपछि २८३ स्थानीय तहमा चुनिएका प्रतिनिधिले जिम्मेवारी सम्हालेका छन् । बाँकी तहमा प्रतिनिधि चुन्ने प्रक्रिया अगाडि बढिरहेको छ । स्थानीय सरकारलाई संविधानले नै २२ वटा विषयमा अधिकार दिएको छ । त्यसै भएर सिंहदरवारको अधिकार अब गाउँगाउँमा भनिएको हो ।

गर्न चाहने, स्पष्ट दृष्टिकोण र प्रतिबद्ध जनप्रतिनिधिले आफ्नो क्षेत्रका सबै वर्गको सवाललाई सम्बोधन गर्ने गरी दिगो विकासको लक्ष्यलाई सार्थक बनाउन सक्छन् । तर यसका लागि समुदाय र स्थानीय सरकारबीच रचनात्मक सहकार्य आवश्यक हुन्छ ।

हामी भूमि अधिकार अभियानमा लामो समयदेखि क्रियाशील छौं । हाम्रो सपना 'आत्मनिर्भर किसान समाज' निर्माण हो । यो सपना पूरा गर्नु छ । यसका लागि हाम्रा सङ्गठन गाउँगाउँमा छन् । अगुवा छन् । हामीले उठाउँदै आएका अनेकन सवाल अब स्थानीय सरकारको तहमा नै गर्न सम्भव हुन्छ । यसका लागि गाउँ मञ्चका अगुवा र कार्यकर्ताले अग्रसरता लिन आवश्यक छ ।

आफ्नो समुदायको परिवेश विश्लेषण गर्ने, जनप्रतिनिधिहरूसँग त्यस विषयमा छलफल गर्ने, सम्बन्धलाई कार्यमुखी बनाउने, उनीहरूलाई समुदायको वास्तविकता बुझाउन समुदाय तहमै छलफल चलाउने आदि कार्य गर्न आवश्यक छ । यसका लागि स्थानीय सरकारको भूमिका र अधिकारबारे संविधान, कानुन तथा अन्य राज्य निकायले व्यवस्था गरेका प्रावधान, नीति र कार्यविधिबारे भूमि अधिकार मञ्चका सबै अगुवा र सदस्य स्पष्ट हुन आवश्यक छ । यसका लागि मञ्चले आवश्यक सबै प्रयास गर्न आवश्यक छ ।

स्थानीय तहमा गाउँ भूमि अधिकार मञ्च, गाउँ मञ्चका अगुवा, भूमिसम्बन्धी समस्या भोगिरहेका किसान समुदायले आफूले वर्षौंदेखि भोग्दै आएको समस्या समाधानको पहिलो चरणमा स्थानीय जनप्रतिनिधिहरूसँग छलफल गरी सहकार्य अभ्यास सुरुवात गर्नुपर्छ । अहिलेको मुख्य कार्यभार पनि यही हो । वर्षौंदेखि ग्रामीण जनताले भोगिरहनु परेका समस्या मोही, गुठी, बिर्ता, सुकुमबासी, ऐलानी पीडित, स्ववासी, चुरेपीडित, गाउँब्लकबासी आदि समस्या समाधानका लागि जनप्रतिनिधिहरूले पनि विशेष ध्यान दिनुपर्छ । हामी भूमि अभियानका अगुवाले पनि यसमा विशेष ख्याल गर्नुपर्छ र समन्वयकारी भूमिका खेल्नुपर्छ ।

हरेक स्थानीय तहलाई आफ्नो कानुन आफैं बनाउने अधिकार छ । यसो हुँदा आफ्ना गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र भएको भूमिसम्बन्धी समस्याहरू पहिलो चरणमा योजनाबद्धरूपमा हल गर्ने, भूमि उपयोगको समृद्ध योजना निर्माण गरी भूमिलाई अधिकतम् उत्पादन कार्यमा उपयोगमा ल्याउने, भू-उपयोग क्षेत्र निर्धारण, खेतीयोग्य कृषि जमिनको सीमाङ्कन र पुनः उपयोगको योजना बनाई अघि बढ्नुपर्ने आवश्यकता छ ।

इमान्दार, कुशल र केही गरौं भन्ने भावना बोकेर निर्वाचित भएका जनप्रतिनिधिले धेरै काम गर्न सक्छन् । स्थानीय तहमै धेरै ऐन कानुन निर्माण गरी काम गर्न पाउने अधिकार पनि उनीहरूसँगै भएको हुँदा अहिलेका जनप्रतिनिधिसँग मिलेर काम गर्दा धेरै समस्या हल गर्न सकिन्छ । ✿





जगत देउजा

# व्यवस्थित बसोबास

जनसङ्ख्या वृद्धि र प्रकोपको मारले ‘उपयुक्त आवास’ सम्बन्धी विषय नेपालमा पनि पेचिलो बन्दै गइरहेको छ। सहरी क्षेत्रमा सानातिना झुपडी बस्ती बढ्दो छ। सहरी र राजमार्ग आसपास अव्यवस्थित बस्ती पनि थपिइरहेका छन्। गाउँघरमै पनि झण्डै आधा घर असुरक्षित, अव्यवस्थित र आधारभूत पूर्वाधारले नछोएको अवस्थाका छन्। प्रकोप आवासको प्रमुख चुनौती बनिरहेको छ। भूकम्पका कारण १४ जिल्लाका लाखौं परिवार आवासबिहीन बनेका छन्। गरिबीको रेखामुनि रहेका परिवारको घर अत्यधिक चिसो र गर्मीबाट जोगिनेखालको छैन।

स्तरीय जीवनका लागि उपयुक्त आवास नभई हुँदैन। यो सबैखाले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उपभोगको आधार हो। पर्याप्त आवासको अधिकारलाई मानिसको ओत लाग्ने छानोका रूपमा मात्र बुझ्नु अपुरो र साँघुरो हुन्छ। आवासको अधिकारलाई कुनै पनि ठाउँमा सुरक्षा, शान्ति र मर्यादाका साथ बस्न पाउने व्यक्तिको अधिकारका रूपमा लिइनुपर्छ।

उपयुक्त आवास भन्नाले व्यक्तिलाई जाडो, गर्मी, हावा, पानी तथा यस्तै अन्य प्रकारका खतराबाट जोगाउन सक्ने संरचना भनेर बुझ्नुपर्छ। यस्तो आवास कुनै पनि व्यक्तिलाई काम वा रोजगारी, स्वास्थ्य सेवा, विद्यालय वा अन्य सामाजिक सुविधाको सजिलै पहुँच पुग्नेखालको हुन आवश्यक छ।

पर्याप्त आवासभित्र सफा खानेपानी, खाना पकाउने इन्धन, बत्ती, सरसफाइ तथा लुगा धुने ठाउँ, खाद्यान्न भण्डारण, फोहोर मैलाको व्यवस्थापन, ढलको सुविधा तथा स्वास्थ्य, सुरक्षा, आराम र पोषण जस्ता आवश्यक सेवाहरूको उपलब्धता पनि निश्चित हुनुपर्छ। यस्तै सबै व्यक्तिको आवासमा निश्चित मात्रामा कानुनी भोगाधिकार हुनुपर्छ। कानुनी भोगाधिकारले

**नेपालको संविधानले मौलिक हकअन्तर्गत प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने व्यवस्था गरेको छ। त्यस्तै धारा ५१ को खण्ड (ज) को देहाय (११) मा अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाब्द्ध र व्यवस्थित ब्स्ती विकास गर्ने नीति लिइएको छ।**

व्यक्तिलाई बलपूर्वक निष्काशन, हैरानी र सबै प्रकारको धम्कीबाट संरक्षण प्रदान गर्छ।

यस्तो कानुनी अधिकार नहुँदा बर्सेनि सरकारकै तर्फबाट बस्तीहरूमा आगो लगाउने र विकल्पविना उठिबास गराउने निकृष्ट कार्य दोहोरिएका छन्। ऐलानी एवम् सरकारी जमिनमा बस्नेलाई सोही स्थानको शक्तिशाली व्यक्तिहरूले दिएको उत्पीडन पनि ठूलो समस्याका रूपमा रहेको छ। र, यो नै गरिबी र अन्यायको एउटा मुख्य कारण बनिरहेको छ।

नेपालको संविधानले मौलिक हकअन्तर्गत प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने व्यवस्था गरेको छ। त्यस्तै धारा ५१ को खण्ड (ज) को देहाय (११) मा अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाब्द्ध र व्यवस्थित ब्स्ती विकास गर्ने नीति लिइएको छ। बदलिँदो आवश्यकता र संविधानमा भएको यिनै व्यवस्थालाई व्यवहारमा लागु गर्नुपर्छ। सरकारले फागुनको पहिलो साता व्यवस्थित बसोबास आयोगसमेत गठन गरेको छ।

आयोग गठनसँगै यसको कार्यान्वयन कसरी होला भन्नेमा चासो एवम् प्रश्न उठ्न थालेका छन्। विगतमा बनेका एक दर्जन सुकुमबासी समस्या समाधान आयोगमध्ये केहीबाहेक अधिकांश गठनमा मात्र सीमित भए। यिनीहरूले सुकुमबासी र अव्यवस्थित बसोबासीको निवेदन जम्मा गरे र बोरामा कोचेर राखे। यसो हुँदा यो आयोगले पनि खै के नै गर्ला र भन्ने धेरैलाई लागेको छ। र, यो प्रश्न चिर्न आयोगले प्रभावकारीतवरले काम गर्नेभन्दा अरू कुनै बाटो छैन। तर यस अवधिको काम हेर्दा यो आयोगले पनि विगतकै क्रमलाई निरन्तरता मात्र दिने हो कि भन्ने शङ्का बढाएको छ।

भूमि सुधार तथा व्यवस्था मन्त्रालयले सार्वजनिक गरेको कार्यादेश अध्ययन गर्दा हालै गठित व्यवस्थित बसोबास आयोग आधारभूतरूपमा केही फरकखालको छ। सरकारी अधिकारीहरूले बताएअनुरूप यो आयोगले सार्वजनिक सूचनामार्फत निवेदन सङ्कलन गर्दैन्। जिल्ला बसोबास समितिले बस्तीमा नै गएर बसोबास व्यवस्थित गर्नुपर्ने परिवार र उनीहरूलाई उपलब्ध गराउन सक्ने जग्गाको लगत तयार गर्नेछ। अनि स्थानीय तहमा नै सुनुवाइको माध्यमबाट त्यसको अन्तिम सूची तयार पार्नेछ।

अर्को, बसोबास र खेती दुवैका लागि जग्गा उपलब्ध गराउँदा भू-उपयोग योजनासमेतका आधारमा व्यवस्थित घडेरी र कृषि कर्म गर्नेका लागिसमेत उपलब्ध भएसम्म जग्गा सबै नै योजनाबद्धरूपमा उपलब्ध गराउनेछ। अर्थात पहिलेको जस्तै जो जहाँ बसिरहेको छ त्यही ठाउँमा बिनायोजना उपलब्ध गराउँदैन्। बस्तीमा बाटो, सार्वजनिक स्थल आदिसमेत छुट्याइ विकसित घडेरीहरू उपलब्ध गराउने र आधारभूत सेवाहरूसमेत जोडेर लान सजिलो बनाउने योजना सरकारको देखिन्छ।

त्यस्तै यसरी जग्गाको निस्सा उपलब्ध गराउने तर उपयोगको मात्र अधिकार दिने र कुनै पनि प्रकारको हक हस्तान्तरण गर्न नपाइने व्यवस्था गरेको छ। यस व्यवस्थाले जग्गा हुनेले पनि छलछाम गरी जग्गा लिने र बेच्ने अनि वास्तविक सुकुमबासीले जग्गा नपाउने अवस्था अन्त्य गर्ने विश्वास सरकारको देखिन्छ। निस्सा उपलब्ध गराउँदा पूरै परिवारका सदस्यको विवरण राख्ने, जिल्ला बसोबास मितिले स्पस्ट लक्ष्यसहितको कार्ययोजना बनाएर कार्य गर्नुपर्नेलगायत थुप्रै नयाँ व्यवस्था कार्यदिशमा छ।

यो आयोगका अनेकन् चुनौती पनि छन्। आयोगको अवधि २ वर्षमात्र छ। यति जटिल समस्या यो अवधिमा समाधान हुन सम्भव छैन। तर निश्चित जिल्ला र बस्ती तोकेर बसोबासको समस्या समाधान गर्दै जाने भएको हुँदा यो अवधिमा जति सकिन्छ, व्यवस्थित गरेर गयो भने समस्या समाधानको मोडल तयार हुनेछ। अनि प्रगति र प्रभावकारिताका आधारमा सरकारले यसको अवधि थप गर्दै जान सक्नेछ। यो काम सही तरिकाले भयो भने २०३० सम्म गरिबी शून्यमा झार्ने दिगो विकासको लक्ष्य भेट्न पनि महत्वपूर्ण आधार बन्नेछ। किनकि उपयुक्त आवासबिना त्यस्ता परिवारको गरिबी शून्य गर्न सम्भव छैन।

आयोगले ध्यान दिनुपर्ने अर्को पक्ष भनेको भूमिहीन, सुकुमवासी, अव्यवस्थित बसोबासीको लगत तयार पार्दा कुन विधि अपनाउने भन्नेमा हो। भूमिको व्यवस्थित सूचना प्रणाली तयार गर्न प्रचलित कित्तानापीका विधिहरूबाट एकदमै लामो समय र ठूलो स्रोत लाग्ने हुँदा हालको आवश्यकता र उद्देश्य पूरा गर्न सरल, छिटो र सस्तो विधि प्रयोग गरिनुपर्छ। सम्बन्धित समुदायमा नै गएर सहभागितामूलक ढङ्गबाट तथ्याङ्क लिने, सोको परीक्षण गर्ने र सार्वजनिक सुनुवाइको माध्यमबाट एकीन गरी डाटाबेस तयार गरिनुपर्छ। यस्तो तथ्याङ्कलाई अन्य देशले प्रयोगमा ल्याएको सरल प्रकारको (निःशुल्क पाइने) सफ्टवेयर प्रयोग गर्नेतर्फ सरकारको ध्यान जान आवश्यक छ।

**बसोबास र खेती दुवैका लागि जग्गा उपलब्ध गराउँदा भू-उपयोग योजनासमेतका आधारमा व्यवस्थित घडेरी र कृषि कर्म गर्नेका लागिसमेत उपलब्ध भएसम्म जग्गा सबै नै योजनाबद्धरूपमा उपलब्ध गराउनेछ। अर्थात पहिलेको जस्तै जो जहाँ बसिरहेको छ त्यही ठाउँमा बिनायोजना उपलब्ध गराउँदैन्। बस्तीमा बाटो, सार्वजनिक स्थल आदिसमेत छुट्याइ विकसित घडेरीहरू उपलब्ध गराउने र आधारभूत सेवाहरूसमेत जोडेर लान सजिलो बनाउने योजना सरकारको देखिन्छ।**

यो आयोगले यसका सदस्यमा जसलाई नियुक्त गरेको छ ती रिटायर्ड भइसकेका र आयोगमा थकाई मार्न आएका जस्ता लाग्दैछन्। किनकि आयोग बनेको ३ महिना पुग्न लाग्दा पनि यसको कार्यविधिसमेत बन्न सकेको छैन। सक्षम र जाँगरिला मान्छे नराख्ने हो भने यो आयोग पुनः तलव खानेखालको मात्र हुनेछ। ढिलाई भएको विषयलाई भूमिसम्बन्धी काम गर्ने सङ्गठनहरूले उठाउन थालिसकेका छन्।

जग्गा नभएको र गैरकृषि क्षेत्रमा संलग्न परिवारलाई व्यवस्थित घडेरी उपलब्ध गराउने विषयले ठूलो अर्थ राख्छ। तर तिनमा घर बनाउने सामर्थ्य सबै परिवारको नहुने भएकाले निश्चित अनुदान वा सहुलियत ऋण दिने कार्यलाई पनि सरकारका अन्य निकायले जोड्दै जानु उपयुक्त हुन्छ। कृषि कर्म गरिरहेकालाई पनि सोही क्षेत्रमा उपलब्ध भएसम्म जग्गा उपलब्ध गराउनुपर्छ। र, अन्य कृषिको पूर्वाधार पनि जोडेर लानुपर्छ। यसले उत्पादनमा वृद्धि भई परिवारको जीविकाका साथै समग्र देशको खाद्य सुरक्षामा पनि योगदान हुन जान्छ।

मूलतः तराईका जिल्लामा ऐलानी, पर्ती जमिन खरिद गरी खेतीपाती गरी जीविकोपार्जन गर्नेहरूको सङ्ख्या निकै ठूलो छ। विभिन्न कठिनाइका कारण पहिले बसोबास गरेको ठाउँको जमिन बिक्री गरी ऐलानी पर्ती जग्गा अनौपचारिकतवरले खरिद गरी खेतीपाती गरेर जीविकोपार्जन गर्दै आएकाहरूको धेरथोर आफ्नै नाममा पनि जग्गा छ। यो आयोगले यस प्रकृतिका बसोबासीको सङ्ख्यासमेत एकिन गरी निश्चित मापदण्ड अपनाई बसोबास एवम् जोतभोग गर्नेहरूलाई स्वामित्वको प्रमाणपत्र उपलब्ध गराउनुपर्छ। यसो गर्दा पनि बसोबास र कृषि प्लट साथै कृषि सडक, सिँचाइ, बजार आदि पक्ष पनि जोडेर लग्नुपर्छ।

व्यक्तिको उपयुक्त बसोबास भनेको एउटा घडेरी उपलब्ध गराउने विषयमात्र नभएर समग्र देशलाई समृद्धितर्फ अगाडि बढाउने पहिलो खुड्किलो हो। यस विषयमा सरकारी एवम् गैरसरकारी क्षेत्रले प्राथमिकतामा राखेर भविष्यसम्मलाई हेरेर काम गर्न आवश्यक छ। गरिबी निवारणमा काम गरिरहेका सरकारी निकाय, गैरसरकारी एवम् निजी क्षेत्रले यसलाई मौकाका रूपमा लिएर आआफ्नो ठाउँबाट योगदान गर्न जरुरी छ। ✿



नरिराम लोहार

# अहिंसात्मक सामाजिक आन्दोलन

## टिमसँगको पहिलो सम्वाद

काठमाडौंदेखि क्वालालाम्पुर, जाकार्ता र सिमराङको हवाई यात्रा र साढे दुई घण्टाको बस यात्रापछि साँझ ६ बजे सेन्ट्रल जाभाको पाटी भन्ने ठाउँमा पुग्यौं। जुन शान्ति क्षेत्र घोषणा गरिएको ठाउँ हो। त्यहाँ ३ जना हामीलाई स्वागत गर्न आए। पेट्रोस, नानिक र उनका छोरा। पेट्रोस र नानिक अहिंसात्मक सामाजिक आन्दोलनका अगुवा रहेछन्। पेट्रोस सामाजिक संस्थामा काम गरी भूमि अधिकार आन्दोलनमा सघाइरहनुभएको छ भने नानिक बालविकास केन्द्र (पिस्कुल) सञ्चालन गरेर बालबालिकालाई अहिंसात्मक पद्धतिबाट शिक्षा दिने कार्यमा संलग्न हुनुहुन्छ। हामी सहभागी हुन गएको तालिमको आयोजक नै उनीहरू रहेछन्। साँझको खानापछि चिनजान गरियो। मलाई व्यक्तिगत पृष्ठभूमि र भूमि अधिकार आन्दोलनको विषयमा भन्न थप समय दिइयो। २० मिनेट जतिको समय लिएर आफ्ना कुरा राखेपछि भूमि अधिकार आन्दोलन त्यहाँका सहभागी सहजकर्ताका लागि चासोको विषय बन्न पुग्यो। साथै द्वन्द्वकालमा भोगेका चुनौती र त्यसबाट बच्न गरेका प्रयास पनि अहिंसात्मक आन्दोलनको एउटा हिस्सा बन्यो।

## शान्ति क्षेत्रको अनुभव

इन्डोनेसियामा १७ हजारभन्दा बढी टापु छन्। त्यमध्ये ठूलो टापु हो जाभा। त्यसलाई पनि पूर्वी जाभा, पश्चिमी जाभा र मध्य जाभा गरी विभाजन गरिएको रहेछ। हामी मध्य जाभाको पाटी भन्ने ठाउँमा थियौं। जुन शान्ति क्षेत्र घोषणा गरिएको क्षेत्र पर्दोरहेछ।

यहाँ केही फरक अनुभव भयो। थोरै सङ्ख्यामा क्रिश्चियन र मुस्लिम समुदायको बाहुल्यता छ। महिलाको हकमा यहाँको मुस्लिम समुदाय अलिक खुला देखियो। मुस्लिम समुदायमा महिलाले बुर्का लगाउनुपर्ने अनिवार्यता देखिएन्। महिलाले आफूलाई मन परेको पहिरन लगाउन पाउने रहेछन्। र मानिससँग सहजै कुराकानी गर्न पाउने वातावरण रहेछ। पसल, होटेलहरूमा काम गर्ने पुरुषभन्दा बढी महिला देखिए। सफा सहर। मदिरा निषेधित। चोकहरूमा किसान महिला-पुरुषका सालिक पनि रहेछन्। यसरी हेर्दा किसानलाई त्यहाँ धेरै नै सम्मान गरिने रहेछ भन्ने बुझाइ भयो।

मिलनसार मानिस। बजारमा निस्केका बेला स्थानीयहरू फोटो खिच्न आउँथे। सहयोगी पनि उत्तिकै। मेडिकलमा औषधि किनेको थिएँ, विदेशी हुनुहुँदोरहेछ भनेर पैसा नै लिएन। अर्को दिन फलफूल बेच्ने एक महिलाले बोलाएर भोगटे जस्तै देखिने फल दिइन तर पैसा भने लिइनन्। खुद्रा पसलमा जाँदा पनि त्यस्तै भयो। आमा-छोरी पसलमा थिए। हामी भित्र पस्नासाथ छोरीले मोबाइलमा फोटो खिच्न थालिन्। आमा भित्र गइन्, एकछिनपछि हामीलाई भित्रै बोलाइयो। त्यहाँ केरा, तरुल, आलुका परिकार, चिया र जुस राखिएको थियो। हामी अलमलमा पर्‍यौं। उनले भनिन्- तपाईंहरू पेट्रोसको घरमा बस्नुहुन्छ। मैले चिनेँ। स्वागत गरेको हो खानूस्।

## अहिंसात्मक आन्दोलनका अभियन्ता

फ्रेन्डस् पिस टिम (साथी शान्ति समूह) ले अगुवाइ गरेको अहिंसात्मक सामाजिक आन्दोलन स्वतःस्फूर्तरूपबाट सञ्चालन भइरहेको छ। यस अभियानमा अनुभवी व्यक्तिहरूको सहभागिता छ। जुन महत्वपूर्ण छ। तालिममा अमेरिकाबाट सहभागी भएकामा सेवा निवृत्त स्टाफ नर्स रहेछिन्। जोइस कलेजकी निर्देशक पनि थिइन्। रेनी मध्यस्थकर्ता हुन्। यसरी समाजसँग प्रत्यक्ष जोडिएर लामो समय काम गरिसकेका व्यक्तिहरू यसमा संलग्न रहेछन्। उनीहरू पूर्णरूपले स्वयम्सेवी। उनीहरूको पहिलो काम आफूबाट परिवर्तनको सुरुवात गर्ने। शिक्षाको माध्यमबाट सन्देश दिने- औपचारिक/अनौपचारिक दुवैतवरबाट। यस अभियानमा विश्वभरबाट शान्तिका पक्षधर व्यक्ति जोडिएका छन्। यसको नेतृत्व अमेरिकी नागरिक नादिन हुवरले गरेका छन्। जो चर्चित शिक्षाविद् हुन्। अहिंसावादी सुभाष कट्टेलले नेपालबाट यस टिमको नेतृत्व गरेका छन्। शिक्षाको माध्यमबाट बच्चादेखि अहिंसात्मक धारणा दिनुपर्ने मान्यताका साथ शिक्षकहरू यसमा संलग्न छन्। यसमा कुनै दातृनिकायको सहयोग छैन। सदस्यहरूले आवश्यकताअनुसार वार्षिक ५ सय डलरसम्म योगदान गर्दारहेछन्।

## अहिंसात्मक अभियानमा बालशिक्षा (प्रिस्कुल)

अहिंसात्मक आन्दोलन र व्यावहारिक शिक्षाको माध्यम बनेको छ- बालशिक्षा अर्थात प्रिस्कुल। १० फेब्रुअरी २०१७ मा जाकेनान भन्ने ठाउँमा गएका थियौँ। त्यहाँ मुस्लिम समुदायको ठूलो बस्ती छ। सबैसँग खानपुग्ने गरी उब्जाउयुक्त जमिन छ। तर वर्षभर नै डुवान हुने। यसको दुईवटा कारण रहेछ। एउटा नजिकैमा सिमेन्ट कारखाना खुलेपछि पानीको निकास बन्द भएको र अर्को सरकारले समुद्रमा माछा मार्न ठूलठूला डुङ्गा राख्यो। त्यसले समुद्रको पानी जमिनमा फैलियो। यही सवालमा रहेर भूमि अधिकार आन्दोलनको सुरु भएको छ।

एघार वर्षदेखि त्यहाँ प्रिस्कुल सञ्चालनमा छ। त्यसअघि त्यहाँका युवा गाउँमा बिनाकाम डुल्थे। झगडा गर्थे।

गुण्डाको गाउँ भनेर चिनिन्थ्यो । बाहिरका मान्छे आउन डराउँथे । महिला असुरक्षित महसुस गर्थे । प्रिस्कुल सञ्चालनमा आएपछि यहाँको वातावरण फेरिएको छ । प्रिस्कुलमा पढेका बच्चा सरकारी स्कुलका अरू बच्चा भन्दा पढाइमा अब्बल छन् । सरकारी विद्यालयका शिक्षक सिक्नका लागि प्रिस्कुल आउन थालेका पनि उनीहरूले सुनाए । यो स्कुल सञ्चालन गर्दा भने सजिलो भएन । मुस्लिम समुदायका अगुवाले त्यहाँ स्कुल चलाउने कुरा गर्दा मुस्लिमलाई क्रिश्चियन बनाउन खोजेको आरोप लगाए । उनी र उनकी श्रीमतीलाई कुटपिटसमेत गरियो । तथापि उनले सहरे अघि बढे । सकेसम्म सम्झाउने प्रयास गरे । बालबालिकालाई जम्मा गरेर सकारात्मक कुरा सिकाउँदै गए । अहिले सबै जना खुसी छन् । उनलाई मौलाना (मुस्लिम समुदायका गुरु) बनाउने तयारी छ भन्ने सुनाए ।

त्यहाँ अहिंसात्मक पद्धति र अर्गानिक खाद्य सामग्री उपयोग गरिएको छ । उनीहरूले केराको पातमा तरुल, आलु, केरा र नरिवलबाट बनेका परिकार दिँदै भने- हामी अन्नदेखि माछासम्म आफ्नै खेतमा उब्जाउँछौं । बालबालिकालाई पनि त्यहीँ सिकाउँछौं ।

प्रिस्कुलका लागि एउटा घर उपयोगमा ल्याइएको छ । जबकि त्यहाँ सार्वजनिक भवन छ । घर बनाउने ठाउँ पनि प्रशस्तै छ । बालबालिकाले सिक्न जाँदा घरभन्दा बाहिर गएको महसुस नगरोस् र घरकै वातावरणमा हुर्कन पाओस् भन्ने उद्देश्यले घरमा नै स्कुल सञ्चालन गरिएको उनीहरूले बताए । त्यहाँ भाषा र गणितका लागिमात्रै विषयगत शिक्षक नियुक्त गरिएका छन् । बच्चाहरूलाई व्याावहारिक ज्ञान दिन अभिभावक नै आएर जसलाई जुन काममा राम्रो ज्ञान/सिप छ, त्यही सिकाउँदा रहेछन् । खाना पकाउन । सरसफाइ गर्न । खेती गर्न । सच्चा ज्ञानका लागि वास्तविक सामग्री प्रयोग गनुपर्छ भन्ने मान्यता आत्मसात गरिएको पाइयो । सिकाइका लागि कृषि औजार, खान पकाउने भाँडाकुँडा, सरसफाइ सामग्रीहरू शैक्षिक सामग्रीका रूपमा राखिएको छ ।

## तालिमको व्यवस्थापन

तालिमको दुई दिनअगाडि नै टाढाका सहभागी तालिमस्थल आइसकेका थिए । खाना र बासको व्यवस्था पेट्रोस, नानिकले आफ्नै घरमा गरेका थिए । हामी भने उनीहरूको साथीको घरमा बसेका थियौं । घरधनी वन कार्यालयका कर्मचारी रहेछन् । हरेक दिन बिहान ७ बजेबाट तालिम सुरु हुन्थ्यो । ६ बजे उनीहरू गाडी लिएर लिन आइपुग्थे । साँझ त्यसैगरी फर्काइन्थ्यो ।

पेट्रोस र नानिक तालिमका सहयोगी सहजकर्ता थिए । उनीहरूले खाना तथा खाजाको व्यवस्थापन गर्नका लागि गाउँका मान्छेलाई पालैपालो मिलाएर बोलाउने गरेका रहेछन् । खानामा भात, तरकारी, माछा, कुखुराको मासु, फलफूल आदि हुन्थ्यो ।

आठ दिनको तालिममा १० वटा जति न्युज प्रिन्ट प्रयोग गरिएको थियो होला । सहभागीलाई स्टेसनरी बाँडिएको थिएन् । लेख्नुपर्ने विषय पनि थिएन । सन्देशमूलक खेल खेलाइन्थ्यो । हरेक विषयमा सहभागीले आफ्नो धारणा राख्थे । तर सबैले भन्नैपर्छ भन्ने थिएन । तथापि सबैले आफ्नो कुरा भन्थे । कसैले बोल्दा बीचमै रोक्ने, प्रश्न गर्ने गरिएको थिएन । सबैलाई मनमा लागेका कुरा भन्न समय दिइन्थ्यो । सहजकर्ताले प्रश्न सिर्जना गर्थे । सहभागीले धारणा राख्थे । समयको पूर्ण पालना हुन्थ्यो । तोकिएको समयमा सुरुवात । तोकिएको समयमा समापन । प्रत्येक दिन समीक्षा गरी भोलिपल्टको योजना र जिम्मेवारी तय गरिन्थ्यो । पहिले नै तयार गरेको सेडुल थिएन ।

सकारात्मक वातावरण । छलफलमा आफूलाई केन्द्रमा राखेर कुरा गरिन्थ्यो । आफू परिवर्तनको सपना, आफू परिवर्तनको योजना हुनुपर्छ भन्ने मान्यता राखिन्थ्यो । सबैले विश्वास गर्थे र दुःखद् घटना सुनाउँदा समानुभूति प्रकट गर्थे । सबैको आँखामा आँसु हुन्थे ।

## तालिमको सुरूवात र सहमति

पहिलो दिनको सुरुवात गीतबाट भयो । जुन तालिम अवधिभर गाइएको थियो । त्यसपछि आफूलाई सजिलो हुने गरी बस्न भनियो । बस्नका लागि बेन्च र सुकुलको व्यवस्था थियो । स्वास्थ्यमा समस्या नहुने गरी सजिलो जहाँ हुन्छ, त्यहाँ बस्न पाइन्थ्यो । दुई मिनेट मनमा केही नसोची शान्त बस्यौं । यसको उद्देश्य मनलाई सफा गर्ने थियो । त्यसपछि सहभागीको नामसँगै सकारात्मक अर्थ दिने शब्द जोडेर चिनजान गरियो । तालिम अवधिभर त्यही नामले बोलाउनुपर्थ्यो ।

चिनजानपछि तालिमका सिद्धान्त र प्रक्रियामा सहमतिका लागि छलफल भयो । न्युज प्रिन्टमा लेखिएको थियो- हामी सबै स्वयम्सेवी हौं । सबैभित्र असल तत्व छ । हामी पद्धति फेर्नेभन्दा आफूलाई परिवर्तन गर्ने कुरामा विश्वास गर्छौं । प्रत्येक व्यक्तिले अनुभव लिन र दिन सक्छन् । हरेक व्यक्तिसँग फरक ज्ञान, अनुभव र भोगाई छन् । हरेकले अनुभूति गर्न सक्छन् । त्यसैले सबैका कुरा समान ढङ्गले सुन्ने छौं । हामी प्रवचनबाट नभई अनुभव र अनुभूतिबाट बढी सिक्छौं । सिद्धान्तबाट भन्दा व्यवहारबाट बढी सिक्छौं । सिक्ने कुरामा कुनै जाति, समुदाय, धर्म, भूगोलले फरक पार्दैन । अनुभव, भोगाइ र ज्ञान आदान-प्रदानपछि सँगै बसेर राम्रो कामको निर्णय लिन सक्छौं । यसले नै सबैलाई आनन्दित बनाउँछ ।

सहकार्य तब राम्रो हुन्छ, जब हामी निश्चित विषयमा सहमत हुन्छौं । त्यसकारण तालिम अवधिमा पनि एउटा सहमति गरियो । आफू र अरूलाई विश्वास गर्ने । कसैलाई होच्याउने, उक्साउने गरी ख्याल ठट्टा नगर्ने । सबैले आफ्नो कुरा भन्ने, अरूको कुरा सुन्ने । कसैलाई अप्ठेरो नपार्ने । सरल र इमान्दारीपूर्वक बोल्ने । गल्ती र सही नुछ्ट्याउने । स्पष्टताका लागि एक-अर्कालाई सोध्ने । अनुभव सुनाउँदा आफ्नै कुरा भन्ने । एक पटकमा एउटा कुरामात्र गर्ने । बोल्न मन छैन भने अरूलाई पास गर्ने अधिकार सबैलाई छ । स्वयम्सेवीरूपमा काममा सघाउने । त्यो पनि आफ्नै लागि । अरूका लागि हैन । समूह, समुदायमा जाँदा आफ्नो सुरक्षा आफैँ गर्ने ।

## समानताको अनुभव

हरेक बिहान ७ देखि बेलुकी ५ बजेसम्म तालिम हुन्थ्यो । सुरुमा सबै सहभागीले कुनै न कुनै अभ्यास गरेर देखाउनुपर्थ्यो । सहजकर्ताले कुनै विषयमा थोरै कुरा राख्नुहुन्थ्यो । समूह छलफल,



खेल, अभ्यासमा जोड दिइएको थियो। जसले आफ्नो प्रस्तुतिमा मनको कुरा राख्थे। जहाँ छल-ढाँट, झुट, बनावटीपनको कुनै सङ्केतसम्म देखिँदैनथ्यो। ८ दिनको तालिममा न कसैले व्यवस्थापनमा प्रश्न उठाए। न टिप्पणी गरे। खाने, सुत्ने, सरसफाइ गर्ने, सामग्री मिलाउने सबै काममा सबैको सहभागिता हुन्थ्यो। प्रत्येक सत्रमा बस्ने स्थान फेरिन्थ्यो। सहभागिता, सहजकर्ता बस्ने कुनै निश्चित स्थान थिएन। गोलो घेरामा बसेपछि यसको आवश्यक्ता पनि नपर्ने। बसाइ परिवर्तनको पनि अर्थ थियो- समानता। सहभागी पछाडि बस्ने, सहजकर्ता अगाडि बस्ने चलनले समानता ल्याउँदैन। त्यहाँ खुलेर छलफल गर्न र सिर्जनात्मक बन्न पनि सहयोग पुग्दैन। तोकिएको पाठ्यक्रम, तोकिएको विधि, तोकिएको मात्रामा सिकाइने शिक्षा प्रभावकारी हुन्छ। हाम्रो औपचारिक शिक्षाको अवस्था पनि यही हो।

## हिंसाको जरा देख्नुपर्छ

हिंसा भनेपछि हामी विवाद, झगडा, कुटपीट, धम्की बुझ्छौं। यो हुनुको कारण समाजिक असमानता, जातीय, वर्गीय, लैङ्गिक, भौगोलिक विभेद, प्राकृतिक स्रोतसाधनको अधिकारबाट वञ्चित, राजनीतिक पहुँच नहुनु जस्ता कुरा गर्छौं। यी सबैले देख्ने समस्या भए। मध्यस्थकर्ता वा अधिकारकर्मीले मिहिन समस्या र त्यसको भावनात्मक असर बुझ्न सक्नुपर्छ। तबमात्र हिंसा कम गर्ने उपाय अवलम्बन गरी शान्तिको प्रयास थाल्न सकिन्छ।

सानो चिजबाट हिंसाको सुरुवात हुने हो। कुखुराले तरकारी नासेको। एउटाको घरमा भएको रुखको पात उडेर अर्काको आँगन फोहर भएको यी यस्ता घटनाबाट समस्या उत्पन्न हुन्छ। यसले तनाव पैदा गर्छ। तनावले मान्छे आफूलाई असुरक्षित, एक्लो, अरूबाट टाढा सम्झन्छ र हिंसाको बाटो लिन पुग्छ। सामान्यरूपमा हेर्दा हिंसाका तीन रूप देखिन्छन्- एउटा ठोक्किने, अर्को छुट्टिने, अर्को बेवास्ता गर्ने। यस्तो अवस्थालाई समयमै महसुस गर्न सकिएन र समाधानको बाटोमा लिइएन भने त्यसको असर ठूलो हुन जान्छ।

## समानुभूति महत्वपूर्ण अस्त्र

हिंसा कम गर्ने महत्वपूर्ण अस्त्र हो- समानुभूति। यो मान्छेलाई तनावबाट सहज अवस्थामा ल्याउने उपाय हो। यसले मान्छेको दुःखमा साथ दिन्छ। अरूको पीडालाई आफ्नै महसुस गरी प्रतिक्रिया जनाउँछ। गहिराइमा जानु, आफूभित्रको शक्ति चिन्नु र त्यसको सही उपयोग गर्नु समानुभूतिका प्रक्रिया हुन्। यस प्रक्रियामा यो बुझ्नु जरुरी छ कि घटनाको सुरुवात हुन्छ, त्यसमा व्यक्तिको केही भूमिका हुन्छ र त्यो कुनै एउटा परिस्थितिमा गई अन्त्य हुन्छ। कहिलेकाहीँ राम्रो कुराको पनि अनर्थ हुन जान्छ र त्यसले दुःखद् मोड लिन्छ। कामलाई सही व्यवस्थापन गर्नु पनि उत्तिकै महत्वपूर्ण छ। त्यसकारण रोकिने, विचार गर्ने, विस्तारै अगाडि बढ्ने। पद्धति परिवर्तनका लागि आफैँलाई परिवर्तन गर्ने। आफैँलाई जित्ने। व्यवहारबाट सिक्ने। सकारात्मक कुराको खोजी गर्ने विषय स्वीकार गरी मान्छेलाई उत्साहित बनाउनुपर्छ। विचार, धारणा राख्न प्रेरित गर्नुपर्छ। खुलेर बोल्न सक्ने वातावरण बनाउनुपर्छ।

## भूमिको सवाल र अभियान

भूमि अधिकारका लागि इन्डोनेसियामा पनि आन्दोलन भइरहेको छ। सवाल नेपालको भन्दा केही फरक छन्। त्यहाँ बहुराष्ट्रिय कम्पनीहरूले जग्गा कब्जा गर्ने। उद्योगधन्दाले किसानको जग्गा क्षति गर्ने। एउटा समुदायलाई अर्को समुदायले विस्थापित गर्ने जस्ता समस्या छन्। पपुवा भन्ने प्रान्तमा सुन र हिरा छ। त्यो ठाउँलाई अमेरिकाले कब्जा गर्न खोजेको छ। यसका लागि त्यहाँ वन जोगाउने नाममा सरकारलाई पैसा दिन्छ। सरकारले सेना परिचालन गरी जबर्जस्ती बस्ती हटाउँछ। विरोध गर्नेलाई मारिन्छ। त्यहाँका मान्छेलाई बाहिर जान पनि छुट छैन। बाहिरको मान्छे त्यहाँ जाँदा पनि कठिन छ। विदेशी कम्पनीहरूले ठूलो मात्रामा जग्गा लिएर रबरप्लान्ट, आयलप्लान्ट रोपेका छन्। यसले कृषियोग्य भूमि गैरकृषि क्षेत्रमा परिणत भइरहेको छ। यसका विरुद्ध आन्दोलन सुरु भएको छ तर सबै जाति, वर्गलाई समेट्न नसकेकाले प्रभावकारी भने हुन सकेको छैन।

पाटीमा वाकयता भन्ने एउटा संस्था छ। यसले सामाजिक सेवाका लागि पसल सञ्चालन गरेको छ। यहाँ मानव अधिकार, समाजिक उद्धारका लागि काम गरेका व्यक्तिहरूका नामबाट, उनको फोटो राखेर कपडा (टि-सर्ट,) र बाँसका सामग्री उत्पादन हुन्छ। त्यसबाट आएको नाफा भूमि अधिकार आन्दोलनमा खर्च गरिन्छ।

## मुख्य सिकाइ

राम्रो कुराको अपेक्षा गर। अहिंसात्मक बाटो खोज। आफैंलाई सम्मान गर। अरूको पनि ख्याल गर। प्रतिक्रिया जनाउनुअघि एक पटक सोच। अहिंसात्मक पद्धतिको मुख्य काम थाहा नभएको कुरा पत्ता लगाउने। त्यसलाई सकारात्मकरूपमा स्वीकार गर्ने। सूचना आदान-प्रदान गर्ने। सहकार्य बढाउने र द्वन्द्व निराकरण गर्ने हो।



विमल फुयाँल

# सामाजिक आन्दोलनमा अगुवा



सामाजिक आन्दोलनहरू नेपालमा के/कसरी चलिरहेका छन् ? पहिले त्यसको परिवेश बुझ्नु जरुरी छ। सामाजिक आन्दोलनहरू सही प्रकारले चल्नका लागि त्यसको व्यवस्थापन पनि राम्रो हुनुपर्छ। जस्तो, हामीसँग भूमि घर छ, सङ्गठनहरूमा आन्दोलन कोष जम्मा गरिएको छ। किसानले आन्दोलनकै बलमा जग्गाको अधिकार पाएका छन्। अभियानहरू स्वतःस्फूर्त अघि बढ्न सक्यो भने उपलब्धि पनि धेरै प्राप्त हुन्छ। तर, केही अभियान स्रोत भयो भने चल्ने र नभयो भने नचल्नेखालका छन्। स्रोत सम्पन्न र स्रोत नभएका, २ हिसावले हामीले अभियानहरू हेर्नुपर्न हुन्छ।

भूमि अधिकार आन्दोलनबाट ४० हजारभन्दा बढी परिवारले जग्गाको अधिकार लिएका छन्। यसबाट के भन्न सकिन्छ भने आन्दोलनबाट हुँदै नभएको भन्ने होइन, धेरै भएको छ, पाएको कुरालाई उपलब्धिका रूपमा हेरिनुपर्छ। भूमि हुँदै नभएका परिवार, जो भूमि अधिकारबाट वञ्चित पारिएका छन्, उनीहरूले त अधिकार पाएका हुन् नि, यसलाई उपलब्धि मानेर यसैमा टेकेर थप उपलब्धि लिने गरी अघि बढियो भयो भने अझ बढी उपलब्धि लिन सकिन्छ र गरिबीमा बाँचेकाहरूको जीविकामा सुधार आउँछ। अहिले पनि हेरौं न भूमि अधिकारबाट वञ्चितहरूले केही न केही जमिन पाएको अवस्था छ। चाहे त्यो गुठीबाट होस् चाहे अन्यत्रबाट प्राप्त भएको एक एक कठ्ठा वा ४/५ कठ्ठा होस्। अहिलको बजार भाउमा त्यसको मूल्य धेरै नै हुन्छ।

यस्ता स्रोतहरूको हामीले सही व्यवस्थापन गर्नुपर्छ। विगतमा हामीले ठूलाठूला पहाड चढिसकेका छौँ। अझ चढ्न बाँकी धेरै छ। फर्केर हेर्दा एक किसिमको लामो एउटा दूरी पार गरिसकेकामा हामीले गौरव गर्नुपर्छ।

राजनीतिक दल धेरै छन्, उनीहरू यस्तै भूमिको, भूमिहीनको मुद्दा उठाएर नै माथि पुगिरहेका छन्। यो मुद्दाले पनि राजनीतिक माहोल सिर्जना गर्नका लागि परिचालनको एउटा माध्यम बनाइदिएको छ। विभिन्न गैरसरकारी संस्था पनि आज यही अभियानमा छन्। यसरी हेर्दा यो अभियान सबैको चासोको विषय पनि हो। त्यसैले पनि हामीले हाम्रो उपलब्धिलाई संस्थागत गर्नका लागि अगुवाहरूको भूमिका महत्वपूर्ण छ र हुन्छ भन्ने हिसावमा बुझ्नुपर्छ।

मुख्य विषय भनेको समाजका गरिबीमा बाँचेका, भूमिहीन, जो भूमिको अधिकारबाट वञ्चित गराइएका छन्, उनीहरूका लागि न्यायको विषय भएकाले पनि भूमि अधिकार अभियान महत्वपूर्ण छ र यसलाई नियमित अघि बढाउनुपर्छ। यो कोही व्यक्ति वा संस्थाको विरोधभन्दा पनि कुनै एक वर्ग जो समाजमा लामो समयदेखि अभाव र गरिबीमा बाँचेका छन्, उनीहरूको सामाजिक न्यायका लागि हो। हामीले पनि यही बुझ्नुपर्छ र हरूलाई पनि यही बुझाउन भूमिका खेल्नुपर्छ।

यो उत्पादन बढाउने अभियान हो। अभियानले सिङ्गो मुलुकका लागि सम्पन्नता बढाउन, भूमि नहुने र अधिकारबाट वञ्चित भएका परिवारका लागि भूमि हक दिलाउने, भूमिमा महिला र पुरुषको बराबरी स्वामित्व कायम गराउने, समुदाय र परिवारको उन्नतिका लागि भूमिका खेल्नुपर्छ र सोहीअनुसारका नेतृत्व पनि लिनुपर्छ। भूमि अधिकार अभियानलाई समुदायको अन्य सवालहरूसँग पनि जोडेर हेरिनुपर्छ र अभियानमा जोड्नुपर्छ।

हामी सबै अगुवा परम्परागत नेता होइनौं। सिर्जनशील र प्रगतिशील अगुवा हौं। प्रगतिशील भनेको विचारमा, आचरणमा, काम गराइ र सबैमा। आफूले

आफूलाई प्रगतिशील भनेर भएन । आफ्नो व्यवहारले, भूमिका निर्वाहले देखिनुपर्छ । र, आफ्ना वरपरकाले पनि यो मान्छेको व्यवहार प्रगतिशील छ भन्नुपर्‍यो, उनीहरूले महसुस गर्नुपर्‍यो । उनीहरूले भनून् कि राम्रो काम गर्छ, हाम्रो मुद्दा बोकेर हिँडेको छ, यसलाई सहयोग गरौं भन्ने वातावरण बनाउनुपर्‍यो । जो एउटा मिलनशील अगुवा बन्न सक्छ त्यो मान्छे सिर्जनशील पक्का हुन्छ ।

कुनै पनि छलफल, अभिमुखीकरण कार्यक्रमपछि अगुवाहरूमा क्षमता विकास भएको हुनुपर्‍यो । र, अगुवामा क्षमता विकास भएको विषय सदस्यहरूसम्म पनि पुग्नुपर्‍यो । थपिएको ज्ञान हाम्रो सङ्गठन र अभियानलाई सवलीकरण गर्नका लागि उपयोगी हुनुपर्‍यो । हामी अभियानमा सङ्गठित भइसकेपछि कुनै एक दल विशेषकोमा लाग्ने, उनीहरूको चुनावी अभियानमा हिँड्नेभन्दा पनि अगुवाहरूले सबै दलको विश्वास जितेर भूमिको मुद्दा समाधानका लागि प्रतिबद्धता लिने, भूमिका मुद्दा समाधान गर्नका लागि बेलाबेलामा घच्घच्याइरहने गर्नुपर्छ । यसो गरिँदा सबै सहयोग गर्न बाध्य हुन्छन् ।

हाम्रो पहिलो काम भनेको सिङ्गो विकासको कुरा उठान गर्ने । समन्वय गर्ने । भूमि सुधारका कुरा स्थापित गराउनका लागि भूमिका खेल्ने । भूमि र सम्पत्तिमा महिला र पुरुषको बराबरी अधिकार गराउनका लागि समुदायलाई उत्प्रेरित गर्ने । त्यो विषयवस्तुलाई स्थापित गर्ने हो ।

तपाईंहरू अगुवा हुनुहुन्छ । तपाईं कुनै आँपको बोटबाट आँप झार्दै हुनुहुन्छ । त्यसका लागि लठ्ठीको सहायता चाहिन्छ । आँप झार्ने र आँप खाने कुन ठूलो कुरा हो ? लठ्ठी महत्वपूर्ण कि आँप ? लठ्ठी भनेको साधन हो । लक्ष्य भनेको आँप हो । त्यसैले हामीले पनि अभियानका क्रममा विभिन्न साधनका प्रयोग गरेर लक्ष्य प्राप्ति गर्न लागिपर्नुपर्ने हुन्छ, यसमा अझ बढी र महत्वपूर्ण भूमिका भनेको अगुवाको हुन्छ र हुनुपर्छ । ✿

(भूमि अध्ययन घर ठिमुरामा आयोजित अभिमुखीकरण कार्यक्रमको प्रतिवेदनबाट)



प्राप्ति अधिकारी

# मुसहर समुदाय : गरिबीका मसिना पक्ष

वैशाख पहिलो साता । सिरहाको धनगढीस्थित नैनपुर टोलको मुसहर बस्तीमा भेटिइन् ५६ वर्षिया रमनी । दुःखलाई सुखमा परिणत गर्ने उद्देश्यले जेठो छोरो विदेशिएको दस वर्ष पुगेछ । सोच्नेहरूले सोच्दै गर्लान् कि यस अवधिमा उनको छोराले कमाएर पठाएको पैसाले रमनीको दुःख लग्यो । तर यो सोच्नेहरूलाई के थाहा कि उनको छोराले पठाएको पैसा ब्याज तिर्न पनि पुग्दैन । पुगोस् पनि कसरी ? उनी ६० प्रतिशत ब्याज तिर्ने सर्तमा ऋण लिएर त्यता लागेका थिए गाउँकै 'महाजन' सँग ।

१४ वर्षमै विवाह भएकी रमनीले एक दशक नबित्दै श्रीमान् गुमाउनुपर्‍यो । जतिबेला चार सन्तान भइसकेका थिए । यसबीचमा उनका छोराछोरीले पढ्न जान पाउनु त धेरै टाढाको कुरा, विडम्बना त यो छ कि अहिले उनका नातिनातिनासमेत पढ्न जान पाउँदैनन् । नैनपुरको ऐलानी जग्गामा बसोबास गर्ने रमनीको ससुराका नाममा एक कठ्ठा जग्गा त छ तर पतिका तीन दाजुभाइलाई बाँड्नुपर्ने त्यही जग्गा पनि अहिलेसम्म अंशबन्डा हुन सकेको छैन ।

दुःखले पनि दुःखीकै घरबास खोज्दोरहेछ । यसबीचमा के मात्र भएन रमनीको परिवारमा ? कहिले कान्छो छोरालाई गाडीले किचेर थला पार्नु त कहिले जेठी बुहारीको पेटमा ट्यूमर देखिनु, कहिले बाटोमा हिँड्दै गर्दा एक्कासि आफ्नै दाहिने खुट्टा लुलो हुनाले अप्रेसन गर्न पर्नु त कहिले मौसमी/बेमौसमी समस्याले सताएर हैरान । परिणाम- छोरालाई विदेश पठाउँदा लिएको ऋणमाथि ऋण थप्नुको विकल्प नै थिएन । मज्जैले थपिन्, अझ बढाएर । ७२ प्रतिशत ब्याज तिर्ने सर्तमा ।

मुसहर समुदायमा व्याप्त गरिबीको कारण खोतल्ने उद्देश्यका लागि दुई दिन समुदायमै बस्ने योजना यो घटना सुन्दासाथ लाग्यो- बढी हुन्छ । किनकि मुख्य कुरा त एकाध घन्टामै आइसक्यो । अनि उनीहरू किन यति चरम गरिबीबीच बाँच्न विवश छन् भन्नेबारे थप गहिराइमा जाने निष्कर्षमा पुगियो । अत्यावश्यक कुरा पूर्ति गर्न पनि ऋण गर्नुपर्ने र यही क्रमको निरन्तरता मुसहर समुदाय गरिबीको चक्रमा फस्नुको मुख्य कारणमध्ये रहेकोमा दुई मतै भएन ।

सोच्यौं, यो व्यथा रमनीको मात्र होला । हाम्रो यो अनुमान तत्कालै फेल खायो, जतिबेला अर्की पात्रसँग हाम्रो भलाकुसारी भयो । नैनपुर टोलमा ६७ घर छन् । जसमा २५ घर मुसहर, २ घर डोम, ३ घर मगर र बाँकीचाहिँ अरू थिए । मुसहरका घर छुट्टै देखिन्छ- झुरुप्प । मुसहरमध्ये १८ घरबाट कामका लागि विदेशिएका छन् । कमाउनकै लागि विदेश गएपछि त उकासिनुपर्ने हो नि ! तर परिवारमा आर्थिक उन्नतिको सङ्केत त परै जाओस्, घर फर्कने वातावरणसमेत मिलेको छैन । 'उतै बसौं, कमाएको पैसा जति ब्याजमै स्वाहा, फर्कौं ऋण नतिरी घरबाट फर्कने अनुमति नै नपाइने'- मरुभूमिका दुःखी जीवन बिताइरहेका मुसहर समुदायका युवाको वास्तविक पीडा यही हो ।

करिब ५२ वर्षअगाडि नैनपुरको एक स्थानीय जमिनदारले आफ्नो खेतबारीमा



ज्याला मजदूरी गराउन सहज होस् भनेर १५ परिवार मुसहरको बस्ती बसालेका थिए यहाँ। त्यसयता ती जमिनदारको मात्र हैन, वरपरका अन्य जमिनदारको समेत खेतीपाती राम्रैसँग चल्यो। यिनैले गरिदिएका खेतीका उब्जनी बेचेर तिनका छोराछोरीले राम्रोसँग लेखपढ गरे। अहिले कति नेता छन्, कतिपय सरकारी जागिरमा छन्, कतिले व्यवसाय गरेका छन्। तर तिनीहरूलाई परिवर्तन गराइदिने यी

**शिक्षित भनाउदाहरू पनि कुनै विशेष वर्ग/समूह वा व्यक्तिलाई पिछडिएको घेरामा राख्दा खुसी हुने रहेछौँ। जानी नजानी आफूलाई माथि बनाइ कसैलाई तल बनाउँदा हामीलाई स्वीकार्य भइरहेको हुन्छ। यो पनि एउटा शक्ति सम्बन्धले आएको स्वीकार्यता हो।**

मुसहर भने झन् झन् खस्कँदो अवस्थाबाट गुज्रिरहेका छन्। रमनी र उनका छिमेकी यसका ज्वलन्त उदाहरण हुन्।

शिक्षित भनाउदाहरू पनि कुनै विशेष वर्ग/समूह वा व्यक्तिलाई पिछडिएको घेरामा राख्दा खुसी हुने रहेछौँ। जानी नजानी आफूलाई माथि बनाइ कसैलाई तल बनाउँदा हामीलाई स्वीकार्य भइरहेको हुन्छ। यो पनि एउटा शक्ति सम्बन्धले आएको स्वीकार्यता हो। समुदायमा जानुपूर्व हामीले त्यहाँको वस्तुस्थितिबारे, रहनसहन र समाजबारे एकखाले धारणा बनाइसकेका हुँदारहेछौं जसले गर्दा हामी त्यहाँको नयाँपनलाई भन्दा अरू संरचनात्मक पक्ष स्वीकार गर्दै जान्छौं। कसैको गर्ने/बुझ्ने क्षमता हामी सीमित बनाइदिन्छौं। अर्को कारण यो पनि छताछुल्ला भयो कुराकानीकै क्रममा।

छुवाछूत र माथि-तलको भावना ज्युँको त्युँ छ। कार्की थर भएका एक स्थानीयको घरमा कुरा गर्दै थियौँ। हामीलाई सत्कार गरेर चिया दिइयो। हाम्रै छलफलमा सहभागी केहीलाई भने दिइएन। कारण- उनीहरू मुसहर थिए। हामीले जिज्ञासा व्यक्त गर्नुअघि नै ती कार्की महासयको रेडिमेट उत्तर थियो- उनीहरू चिया खाँदैनन्। मुसहरले पनि होमा हो मिलाए। आखिर प्रतिरक्षाका लागि यसको विकल्प पनि त थिएन।

गाउँको सार्वजनिक इनार निकै फोहोर थियो। दुई डोम परिवारले मात्र त्यहाँको पानी पिउन प्रयोग गर्दा रहेछन्। हुनेखाने अरू परिवारले मोटर जडान गरेर इनारको पानी खेतमा लगाउने गरेका रहेछन्। फोहोर किन त ? उत्तर सबैको समान थियो- जाबो दुई घर डोमले खाने त हो। किन सफा चाहियो र ? अहिलेसम्म पनि यस्तो कडा छुवाछूत कायम छ भने उनीहरूले कसरी स्रोत साधनमा समान हैसियत राख्न सक्छन् ? यस्तो अवस्थामा दलितलाई मात्र दोष दिएर हुन्छ ? तर गैरदलित यो प्रश्नको सामना गर्न तयार भएनन्। बरु उल्टै उनीहरू यसको सम्पूर्ण दोष मुसहर समुदायमाथि नै थुपारेर 'पानी माथिको ओभानो' हुने हरसम्भव प्रयासमा देखिए। यस्ता विषयबारे चेतना, हामी जहाँ काम गर्छौं, त्यहाँ वरपरका समुदायलाई पनि सिकाउनुपर्ने रहेछ। हामी बाहिरी शिक्षितमात्र त्यहाँ पुगी समस्याको समाधान गर्न सक्दैनौं। समस्या समुदायमा छ भने समाधान पनि त्यहीँ नै हुन सक्छ। यस्ता संरचनात्मक किसिमका समस्या सुल्झाउन गरिब र पछि पारीएकाहरूसँगै अरू समुदायलाई पनि समेट्दै लग्नुपर्छ। स्वीकार्यता आउन नदिन एउटै समाजमा बस्ने कसैलाई पनि चेतनाको घेराबाट बाहिऱ्याउन नहुने रहेछ।

गरिबीका कारक समाधानको खोजीतर्फ लाग्दा प्राप्त ज्ञान धेरै महत्वाकाङ्क्षी नभई आफ्नै आचरणमा लागु गर्न सक्नु पनि आफ्ना लागि शान्तिपूर्ण उपलब्धि हुने नयाँ बुझाइ हासिल भएको छ। यो अत्यावश्यक पनि रहेछ किनकि संरचनात्मक समस्याका समाधान नै आचरण र व्यावहारिक परिवर्तनबाट सुरु हुने रहेछ।

(नागरिक दैनिकबाट)

# पुनर्निर्माणः मुल मुद्दामा बेवास्ता

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्पको दोस्रो वार्षिकीमा बाहिर ल्याएको प्रतिवेदनलाई आधार मान्दा १०,३६३ भूकम्पपीडित परिवार नयाँ घरमा बसिसकेका छन्। २४,८६१ परिवारले घर बनाइरहेका छन्। यो प्रगति हेर्दा प्राधिकरणका नयाँ सिइओले वर्षातअघि सबैलाई स्थायी घरमा बसाउने भनी गरेको प्रतिबद्धता पूरा नहुने निश्चित भएको छ।

भूकम्पलगत्तै सरकारले अघि ल्याएको राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति जसरी लागु हुनुपर्ने हो, भएको छैन। सरकारको सबै ध्यान भूकम्पपीडितलाई अनुदान दिनेमा छ। कति परिवारलाई अनुदान दिइयो भन्ने विषयले मात्र पुनर्निर्माण कार्यको प्रगति नाप्न मिल्दैन। अनुदान पाएकाले घर कहाँ बनाउँदै छन् ? कस्तो बनाउँदै छन् ? नबनाउनेले किन बनाइरहेका छैनन् ? कस्तो परिवारले घर बनाउन सुरु गरे ? कस्तोले सुरु गरेका छैनन् ? यी अनेकन विषयमा सरकारको ध्यान पुग्न सकिरहेको छैन। यस अर्थमा पुनर्निर्माणका लागि जुन सामाजिक परिचालन हुनुपर्थ्यो, त्यो पक्ष निकै कमजोर छ। फेरि घर बनाउने काम पुनर्निर्माण कार्यको अंशमात्र हो।

१४ जिल्लामा करिव ७ हजार सुकुमबासी परिवार छन्। करिव २४ हजार परिवारको जग्गा छ। तर त्यसको कानुनी निस्सा छैन। झण्डै ४ हजार परिवार विस्थापित छन्। सरकारले ढिलो गरेर जग्गाको निस्सा नभएकालाई पनि अनुदान दिने निर्णय गरेको छ। तर यिनले अनुदान पाएर घर कहाँ बनाउने ? कानुनी निस्सा नभएको जग्गामा बनाइने घरमा ऋण काडेर लगानी कसले गर्ने ? घर नबनाए कालो सूचीमा राख्ने भनेको छ, अब तिनले के गर्ने ? यो भूकम्पपीडितलाई अत्याउने काममात्र भयो। सबै भूकम्प प्रभावितलाई एउटै आँखाले हेरियो। यसमा पनि कमजोर र जोखिममा परेकालाई बेवास्ता गरियो। यो पुनर्निर्माणको प्रक्रियामा गम्भीर भुल हो।

अर्को ज्यादै खड्केको पक्ष भनेको छरिएर रहेका अनि जोखिमी अवस्थाका बस्तीलाई साना साना एकाइमा भए पनि एकीकृत र एउटै स्वरूपको बनाउन सकिन्थ्यो। यस्तो कार्यले पहाडका बस्ती हेरिरहुँ जस्तो हुन्थे। विकासका सुविधा पुऱ्याउन राज्यलाई कम भार पर्थ्यो। यसका लागि भूकम्प पछाडि संशोधन गरिएको भू-उपयोग नीति र भूमिसम्बन्धी ऐनमा संशोधन गरी जग्गालाई विभिन्न ११ प्रकारमा जोनिङ गर्न सकिने व्यवस्था पनि थियो। तर भू-उपयोग योजनाको आवश्यकतालाई पूर्णतः बेवास्ता गरिएको छ। नमिलेका बस्ती मिलाउने ठूलो मौका हामी गुमाउँदैछौं।

मुलतः प्रभावित क्षेत्रको जीविकोपार्जनलाई फराकिलो बनाउने, भू-उपयोग योजना बनाई बस्तीहरूलाई एकीकृत र व्यवस्थित गर्ने विषय पछि परेको छ। व्यापक सामाजिक परिचालनको माध्यमबाट स्थापित गलत मान्यता र चलनलाई पनि भत्काउन सकिने अवसर पनि हामीले गुमाइरहेका छौं। केही वर्षमा नयाँ घर त बन्ला तर नयाँ मूल्य र मान्यताको जग बसाउनतर्फ सोच्ने फुर्सद कसैलाई छैन।

असल भू-उपयोग योजना प्रकोप व्यवस्थापनको मुख्य आधार हो। तर भू-उपयोग योजनाबिना नै फेरि बस्ती बसाइरहेका छौं। यसले फेरि पनि जोखिमी क्षेत्रमा घर बन्न सक्ने खतरा छ। बनाइएका नयाँ घर फेरि पनि प्रकोपको जोखिममा रहिरहने हो भने यसले गरिब समुदायलाई अझै गरिबीतर्फ धकेल्नेछ। यसो हुँदा भू-उपयोगको कामलाई १४ जिल्लामा अभियानका रूपमा लैजानुपर्थ्यो। घर बनाउने काम ढिलो भएको बहानामा बिनायोजना बन्ने घर तिनका बस्ती फेरि पनि अव्यवस्थित हुने भए। यस अर्थमा पुनर्निर्माणको काम उल्टो भयो। कम्तीमा सरकारले भू-उपयोग योजनाका आधारमा आवास क्षेत्र तोक्नासाथ बस्तीहरू एकीकृत गर्न पनि सजिलो हुन्थ्यो। जुन राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीतिमा पनि उल्लेख भएको विषय हो तर यसलाई आत्मसाथ गरिएको छैन।

प्रकोपबाट पुनर्स्थापनाका लागि जमिन नभई नहुने विषय हो। भूमि नभई आवास बनाउन सकिँदैन। जीविकोपार्जन पनि यसैले दिने हो। अन्य सेवा दिने संरचनाहरू पनि बनाउने भनेकै जमिनमा हो। तसर्थ भू-स्वामित्वको सुरक्षा, भू-उपयोग, भूमिको पहुँच र भू-प्रशासन कुनै पनि प्रकोपपछि जल्दोबल्दो विषय भएर आउँछ। जस्तोसुकै आवासका लागि पनि जमिन चाहिन्छ। अस्थायी घर बनाउन होस् वा स्थायी घर। कस्तो जमिन घर बनाउन उपयुक्त हुन्छ भन्ने विषयमा सूचनाको पनि उत्तिकै महत्व हुन्छ। तर अहिले यी विषयमा आवश्यक पहल कमी भइरहेको छ।

ठूलो प्रकोपबाट खासगरी भूमिहीन, महिला, बालबालिका र अन्य कमजोर वर्गका नागरिक बढी जोखिममा पर्छन्। उपयुक्त आवासको अधिकार हननबाट यिनीहरूलाई सुरक्षा गरिनुपर्छ। यिनका लागि प्राधिकरणले फरक रणनीति बनाउनुपर्नेमा उपलब्धि लेखाउने दौडमा यी सवाल झारेझुरे जस्तो बन्न पुगेका छन्।

भूमिमा पहुँच जीविका सुरक्षाका लागि अत्यावश्यक हुन्छ। मूलतः गरिबहरूका लागि र जोखिमीमा बाँचेकाहरूका लागि त अझ महत्व हुन्छ। ग्रामीण क्षेत्रमा असुरक्षित भू-स्वामित्वले खाद्य असुरक्षा बढाउँछ। कृषिमा लगानीमा प्रोत्साहन मिल्दैन। सहरी

क्षेत्रको भूमि सम्बन्ध झन् जटिल हुन्छ। यसो हुँदा भू-अधिकारको सुरक्षा पुनर्निर्माणमा असाध्यै महत्वपूर्ण हुन्छ। सहरका घरमा लाखौंले व्यवसाय सञ्चालन गरेका हुन्छन्। उनीहरूमध्ये धेरैको जीविकोपार्जनको आधार पनि त्यसैमा टिकेको हुन्छ। जतिसक्दो चाँडो घर बनाउन सक्यो, त्यति चाँडो सहरी क्षेत्रको जीविकोपार्जन फर्काउन सकिन्छ।

भूमिसम्बन्धी समस्या समाधान गर्न सक्दा

**भूकम्प आउनुपहिले पनि यो समाजमा विभिन्नखाले विभेद थिए। अन्याय थिए। असमानता थिए। गरिब थिए। सुकुमबासी थिए। आफ्नो घर नभएर अरूको घरमा बस्नेहरू थिए। आफ्नो जमिन नहुनेहरू थिए। रोजगारी नभएकाहरू थिए। जोखिम क्षेत्रमा बस्नेहरू थिए। यो विविधतालाई हामीले पुनर्निर्माणको कार्यमा जसरी आत्मसात गर्नुपर्ने हो, त्यसरी गर्न नसकेको स्वीकार्नैपर्छ।**

आपतकालीन स्थितिबाट दिगो विकासमा जाने बाटो खुल्छ। भू-उपयोग योजना र बस्ती विकास प्रकोप अगाडि नमिलेका र त्यसपछिका समस्यालाई सही समाधानको बाटोमा लैजाने आधार हो। यसले जहिले पनि जोखिम भइरहने स्थितिलाई न्यून गर्छ।

पहिलेकै ठाउँमा फर्कन नसक्ने विस्थापितहरूलाई नयाँ ठाउँ खोजी गरेर बसाउनुपर्ने हुन्छ। उनीहरूलाई बास बसाउने मात्र जग्गा दिएर पुग्दैन। उसको जीविकाको सुरक्षा कसरी गर्ने त ? विस्थापितहरूले त आफ्नो जीविकोको आधार घरमात्र हैन, गोठ, खेत बारी पनि गुमाएका छन्। यिनीहरूलाई घर बनाउन मात्र अनुदान दिने हो भने उसको जीविका कसरी चल्छ ? यस विषयमा ध्यान दिइएन भने त्यस्ता परिवारको जीवन छिन्नभिन्न हुन सक्छ। परिवारहरू विखण्डनमा पर्न सक्छन्। जीविकोपार्जन कार्यक्रम गर्नेहरूले भू-सम्बन्धमा आएको परिवर्तन बुझेर सोहीअनुरूपको योजना बनाउन आवश्यक छ।

अहिले बन्ने सबै घर कस्को स्वामित्वमा भएको जग्गामा बनिरहेको छ ? पुरुषको वा महिलाको ? वा दुवैको ? सरकारी अनुदान दिएर बनाउने घर फेरि पनि एउटाको मात्र स्वामित्वमा हुँदा यसले समानतामा योगदान पुऱ्याउने छैन। यस्तो लाग्छ, महत्वपूर्णरूपमा पुनर्निर्माणको प्रक्रियामा जोडेर लैजानुपर्ने भूमि र भू-उपयोगको विषयलाई प्राधिकरणले टार्न खोजिरहेको छ। यो पुनर्निर्माणको बुझाइको पनि समस्या हो। यसमा अझै ध्यान नदिने हो भने पछुतोसिवाय केही बाँकी रहने छैन।

## पुनर्निर्माणमा कमजोरलाई प्राथमिकता

दुर्गम मानिने सिन्धुपाल्चोकको भोताङमा थोरै दलित र नेवारबाहेक अधिकांश तामाङको बसोबास छ। हिउँदमा मोटर जान थालेपछि यहाँको चहलपहल बढेको छ। नयाँ घर बन्न थालेका छन्। गाउँलेले खोलेको सहकारीले हाटबजार व्यवस्थापन गरेको छ। खानेपानी, सामुदायिक भवन आदि निर्माण भइरहेका छन्। किसानहरू खेतीपातीलाई विस्तार र विविधीकरण गर्दै आम्दानी बढाउन प्रयास गरिरहेका छन्। जग्गा हुने अनि पैसा र श्रम हुने कतिले घर बनाइसकेका छन्। धेरैजसो बनाउँदै छन्।

त्यही भोताङमा लार्के गाउँबाट विस्थापित १३ घर आफन्तको जग्गामा छाप्रो हालेर बसिरहेका पनि छन्। शौचालय छैन। साँघुरो ठाउँ छ। खानेपानीको समस्या छ। यिनीहरू भूकम्पसँगैको पहिरोले लखेटिएका हुन्। पुरानो बस्तीमा पुग्न उनीहरूलाई करिव ३ घण्टा लाग्छ। तर बस्तीछेउकै पहिरो छिचोलेर जान यिनीहरूको मन मान्दैन। आफ्ना बाँचेका केही पशु र सम्पत्ति छाडेर विस्थापित १३ घरमध्ये ७ घर लाभग्राही सूचीमा समेटिएका छन्। घरमा पुरिएर भाइ र बुहारी गुमाएकासमेत ६ घर लाभग्राही सूचीमा समेत समेटिएका छैनन्। उनीहरूले उजुरी त गरेका छन् तर त्यसमा सुनुवाइ भने भएको छैन।

यी विस्थापित परिवारका सदस्य अरूको घर बनाउने कार्यमा मजदूरी गरिरहेका छन्। आफ्नो घर कहिले बनाउने ? कहाँ बनाउने ? परिचयपत्र पाउन छुटेकाहरूले सरकारी अनुदान पाउने हो कि नपाउने ? यस्तै चिन्तामा डुबिरहेका छन्। भन्छन्( हामी धेरै तर्सिएका छौं। हामीलाई फर्कन त के सम्झन पनि मन छैन।

भूकम्प आएको २ वर्ष पुग्यो। पुनर्निर्माणका अनेकन प्रयास भइरहेका छन्। धेरै गर्न बाँकी छ। केही हुँदै नभएको पनि हैन। तर पुनर्निर्माणको प्रक्रियाले सीमान्तकृत परिवारलाई अझै किनारा त लगाएन भन्ने प्रश्न बलियोसँग उठेको छ।

भूकम्प आउनुपहिले पनि यो समाजमा विभिन्नखाले विभेद थिए। अन्याय थिए। असमानता थिए। गरिब थिए। सुकुमबासी थिए। आफ्नो घर नभएर अरूको घरमा बस्नेहरू थिए। आफ्नो जमिन नहुनेहरू थिए। रोजगारी नभएकाहरू थिए। जोखिम क्षेत्रमा बस्नेहरू थिए। यो विविधतालाई हामीले पुनर्निर्माणको कार्यमा जसरी आत्मसात गर्नुपर्ने हो, त्यसरी गर्न नसकेको स्वीकार्नैपर्छ। अझै स्वीकारिएन र यिनलाई सम्बोधन गर्ने गरी प्रयास गरिएन भने यसले ल्याउने परिणाम सुखद् हुने छैन।

सरकारले ऋण र अनुदानको आशा देखाएपछि भूकम्पपीडितको परिचयपत्र वितरणको काम नै चुनौतीपूर्ण बनेको थियो। शक्ति हुनेहरूले पीडित नभए पनि परिचयपत्र लिए। तर कति पाउनैपर्ने वास्तविक पीडित परिचयपत्र पाउनबाट वञ्चित छन्। सरकारले अनुदान वितरणका लागि गरेको सम्झौताका लागि भूकम्प प्रभावितले जग्गाधनी प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र भूकम्पपीडितको परिचयपत्र बुझाउनुपर्ने अनिवार्य गऱ्यो। यसबाट जग्गाधनी पुर्जा नहुनेहरू सरकारी अनुदान पाउनबाट पाखा पारिए। कार्ड वितरणपछि फेरि पुर्जा खोजिनु विशेष अप्ठेरो

परिस्थितिमा पनि सामान्य अवस्थाको जस्तै तवरले काम गर्न खोज्नुको परिणाम हो। यो नमिलेको नियम पछि आएर परिवर्तन गरिएको छ अर्थात जग्गाधनी पुर्जा नभए पनि अनुदान सम्झौता गर्ने व्यवस्था गरिएको छ।

तीन पटकसम्म गरिएको तथ्याङ्क सङ्कलनमा पनि घरपरिवारको परिभाषा र प्राविधिक त्रुटिका कारण केही छुट्नै नहुने परिवार छुटे। यिनीहरू आज सबभन्दा बढी मारमा छन्। भूकम्प आएको २ वर्ष हुँदा जतिखेर नयाँ र सुरक्षित घरमा बसिसक्नुपर्ने हो तर उनीहरू नै पीडितको कार्डसमेत पाउनबाट वञ्चित छन्।

सरकारले घर बनाउन दिने अनुदान २ लाखबाट ३ लाख रुपियाँ त पुऱ्यायो तर यसबीचमा ज्याला र सामग्रीको भाउ झण्डै दोब्बर भइसकेको छ। यसलाई नियन्त्रण गर्ने कार्यमा सम्बन्धित निकायले ध्यान दिएनन्। सरकारले राख्ने भनेको सामग्रीहरूको आउटलेट नराख्दा गुणस्तरहीन सामग्रीको महँगो मूल्य तिर्न भूकम्पपीडितहरू बाध्य छन्। यस सम्बन्धमा अनुगमनसम्म सरकारीतवरबाट नहुनु दुखद् छ। यसबाट सरकारी अनुदान सिधै व्यापारीको पोल्टामा पुगेको छ।

सरकारले पुनर्निर्माण सम्बन्धमा देखापरेका यी अनेकन सवाल समाधानका लागि प्रयास गरिरहेको छ। विभिन्न कार्यविधि र कार्ययोजना लागु गरेको छ। तर कार्यान्वयन तहमा यिनीहरूलाई प्रभावकारी बनाउन अझै धेरै गर्नुपर्ने देखिन्छ।

प्राधिकरणले सबभन्दा पहिले परिचयपत्र पाउन छुटेकाहरूको विशेष छानबिन गरी परिचयपत्र दिने काम गर्नुपर्छ। यो कार्यलाई प्राविधिक हिसावले मात्र नभई वास्तविकता बुझ्ने लचिलो प्रक्रिया अपनाउन जरुरी छ। जग्गा भएका तर दर्ता नभएकाहरूको जग्गा दर्ताका लागि कार्यविधि ल्याएको थियो। जग्गा दर्ता समितिमा करिब १३ हजार निवेदन पेश भएका छन्। तर यी निवेदनको छानबिन र जग्गा दर्ता प्रक्रिया केही छिटपुटबाहेक अघि बढ्न सकेका छैनन्। यी कामलाई तीव्रता दिनुपर्छ।

अनुदान सम्झौता कार्यविधिमा मोही जग्गा कमाइरहेकामा मोहीको प्रमाणपत्र, गुठी जग्गाको हकमा गुठी संस्थानको सिफारिस, स्थानीय निकायको सिफारिस जस्ता प्रमाणका आधारमा पनि अनुदान दिने गरी संशोधन त गरिएको छ तर भू-स्वामित्व असुरक्षित भएकामा सुरक्षित घरहरू बनाउन ती परिवारहरू कुन हदसम्म इच्छुक हुन्छन् र ऋण काडेर लगानी गर्न तयार हुन्छन् कि हुँदैनन् भन्ने प्रश्न बाँकी नै रहन्छ। सरकारले चाहेको भए यी १४ जिल्लाको भू-स्वामित्वसँग जोडिएको समस्या छिमोलेर जानसक्थ्यो तर यसमा टालो हाल्नेमात्र काम भएको छ। अझै पनि पेश भएका निवेदनको उचित छिनोफानो गर्ने कार्यमा सम्बन्धित पक्षको ध्यान जान आवश्यक छ। सामन्ती भूमि व्यवस्थाको सम्बन्धलाई भुलेर पुनर्निर्माण सही बनाउन सकिँदैन। सबैको घर ढले, सबै पीडित, सबैलाई उही सहयोग भन्ने क्लाइकेट अप्रोचले हामीलाई सही ठाउँमा पुऱ्याउँदैन। यसका लागि सहयोगका ढाँचा फरक गरिनुपर्छ।

**प्राधिकरणले सबभन्दा पहिले परिचयपत्र पाउन छुटेकाहरूको विशेष छानबिन गरी परिचयपत्र दिने काम गर्नुपर्छ। यो कार्यलाई प्राविधिक हिसावले मात्र नभई वास्तविकता बुझ्ने लचिलो प्रक्रिया अपनाउन जरुरी छ।**

सरकारी जग्गा जसमा पुस्तौंदेखि घर बनाएर बसिरहेका छन्, त्यस्ता क्षेत्रमा बस्ने सुकुमबासीका लागि व्यवस्थापन गर्ने सम्बन्धमा प्राधिकरणले भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई आवश्यक कार्यविधि पेश गर्न भनेकामा त्यस्तो कार्यविधि अझै बनेको छैन। पछिल्लो समयमा सुकुमबासी परिवारलाई पनि जग्गा खरिद गर्न २ लाख दिने दिने निर्णय सरकारले गरेको छ। यो आफैँमा बेठीक त हैन तर सरकारी जग्गा नै सुरक्षित छ र बस्ती बसिरहेको स्थान, जहाँ उनीहरूका अन्य सम्बन्ध छन्, त्यही जग्गा दिने बाटो पनि खुला राख्नुपर्छ। हरेक समस्याको समाधान पैसा दिएर खोजिनु हामी जस्तो कमजोर मुलुकुले धान्ने देखिँदैन।

पछिल्लो समयमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले जोखिमयुक्त बस्ती स्थानान्तरण तथा पुनर्स्थापनासम्बन्धी कार्यविधि लागु गरेको हो। जसमा जोखिमयुक्त बस्ती भनी एकिन भएका लाभग्राहीले आफ्नो इच्छाअनुसार सम्बन्धित जिल्ला वा भूकम्प प्रभावित जिल्लामध्ये नजिकको जिल्लामा व्यक्तिगत वा सामूहिकरूपमा जग्गा किनी घर बनाउन सक्छन्। यसका लागि सरकारले जग्गा किन्न प्रतिपरिवार २ लाख अनुदान दिने व्यवस्था गरेको छ। कार्यविधिमा लाभग्राहीहरूमध्येबाट कम्तीमा दश परिवार हुने गरी आफैँले उपभोक्ता समिति गठन गरी सो समितिले छनोट गरेको सुरक्षित स्थानमा एकीकृत बस्ती विकास गरी बस्ती स्थानान्तरण गरेमा बाटो, पानी, शिक्षा, स्वास्थ्य आदिको सहयोग गर्ने नीति पनि लिएको छ।

यो व्यवस्था कार्यान्वयनमा ल्याउनका लागि व्यापाक सामाजिक परिचालनको खाँचो पर्छ। यसमा राजनीतिक दल, सङ्घसंस्था आदिले पनि जिम्मेवारी लिनुपर्छ। यी परिवारलाई सकभर साना भए पनि एकीकृत बस्ती बसाउनेतर्फ नै जोड दिनुपर्छ। यी सबै कार्यको अबको अगुवाइ हालै निर्वाचित जनप्रतिनिधिहरूले गर्नुपर्छ।

२ वर्ष बितिसकेको स्थितिमा अब भूकम्प प्रभावित सबैलाई एउटै हिसावले नलिई सीमान्तकृत समुदायलाई लक्षित गरी कार्य अघि बढाउनुपर्छ। सक्षम व्यक्ति आफैँ घर बनाउन सक्छन्। यिनीहरूका लागि अनुदान प्रक्रियालाई सहज बनाए पुग्छ। राज्यले हेर्ने भनेको नसक्ने र कमजोरलाई हो। पुनर्निर्माणका प्रयास सीमान्तकृत समूहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्नेतर्फ केन्द्रित हुनुपर्छ। अपाङ्ग, दलित, भूमिहीन, एकल महिला, ज्येष्ठ नागरिक, विस्थापित, कमजोर आर्थिक अवस्था भएका नागरिकलाई प्राथमिकतामा राखेर काम गरिनुपर्छ।



विश्वास नेपाली

# विस्थापितको पुनर्वास अभियान

आन्तरिक विस्थापित ती हुन् जो कुनै प्रकारको विपत् वा अन्य कारण बसिरहेको घरबास छाड्न बाध्य हुन्छन् तर उनीहरू देशभित्रकै सिमानामा रहेका हुन्छन् । उनीहरू शरणार्थी भने होइनन् ।

नेपालमा विस्थापितको अलि बढी चर्चा गत १२ वैशाख २०७२ मा गएको विनाशकारी भूकम्पका कारण आफ्नो बासथलो गुमाउन बाध्य भएका भूकम्पपीडितको अवस्था हेरेर गरिन थालिएको हो । भूकम्पले नराम्ररी प्रभावित गरेको १४ जिल्लामा भूकम्पका कारण अधिकांश मानिसले आफ्नो बासथलो (घरबास) त गुमाए नै कतिपय मानिसको आफ्नो घरबास भएको जमिनसमेत चिराचिरा परी पहिरो जाने, भासिने जस्ता समस्या भएका कारण त्यस्ता समस्यामा परेका मानिस आन्तरिकरूपमा विस्थापनको सिकार हुन बाध्य भए । यस्तो समस्या भएकोमध्ये रसुवा जिल्ला पनि एक हो ।

भूकम्पकै कारण रसुवा जिल्लाको लाङटाङ, हाकु, डाँडागाउँ र ठूलोगाउँ गाविसबाट मानिस तत्कालीन अवस्थामा विस्थापित हुन पुगेका थिए । हाल लाङटाङमा पुनर्वासको प्रक्रिया अघि बढिरहेको हुँदा डाँडागाउँ र हाकुबाट विस्थापित भएकाहरूको भने प्रक्रिया अघि बढ्न सकेको छैन । भूकम्प गएको २ वर्षभन्दा बढी समय हुँदा पनि पुनर्वास नहुँदा विस्थापित बस्तीहरूमा मानिस अन्त्यन्तै कष्टकर जीविका बिताइरहेका छन् ।

हाकु गाविसबाट विस्थापित भई धुन्चे क्षेत्रमा बसोबास गरिरहेका २३५ परिवारमध्ये अधिकांश आफ्नै गाउँ फर्किएर घर बनाइ बस्ने तयारीमा छन् । तर हाकु (वडा नं. २,३,४,५,६ र ७) गाविसमा भूकम्पका कारण सुक्खा पहिरो गई बसोबास गर्न नसकिने अवस्था भएको हुँदा अधिकांश परिवार त्यहाँबाट विस्थापित भई सदरमुकाम धुन्चे क्षेत्रमा आइ बसोबास गरिरहेका छन् ।

यस्तै, हाकु गाविसको वडा नं. ८ र ९ गोगने र तिरु र डाँडागाउँ गाविसको वडा नं. ६, ७, ८, र ९ चिप्लेटी र सिरुचेतका गरी ४७३ (तथ्याङ्क हाल बसोबास गरिरहेको घरधुरीको आधारमा लिइएको) परिवारको भने पुनर्वासको प्रक्रिया अघि बढाई उनीहरूलाई अन्यत्र स्थानान्तरण गराउनुपर्ने अवस्था छ । यसरी विस्थापित भई आफ्नो थातथलो छाडी हालसम्म उनीहरूले साविकको लहरेपौवा गाविस १ को नौबीसे, बोगटीटार, काभ्रे (काभ्रेबाट हाल नुवाकोटको बट्टारमा बसाइ सरी अस्थायी टहरा बनाई बसोबास गरिरहेका), नुवाकोटको वेत्रावतीको सातबीसे, शान्तिबजार र सिम्बुटार क्षेत्रमा अस्थायी बस्ती बनाइ बसोबास गरिरहेका छन् ।

यसरी बसोबास गरिरहेका विस्थापितहरू अधिकांश व्यक्तिहरूको जग्गामा मासिक भाडा तिरेर बसोबास गरिरहेका छन् । उनीहरू सरकारले बसोबासको व्यवस्था गरिदिन्छ भन्ने आशमा बसिरहेका हुन् । तर यस्तो आशा गरेको पनि २ वर्षभन्दा बढी समय बितिसक्यो ।

बिस्थापित बस्तीमा बस्नुको पीडा धेरै छ । उच्च पहाडी र हिमाली क्षेत्रबाट, जहाँ सधैँ चिसो हुन्छ, त्यस्तो ठाउँबाट विस्थापित भई वेशी जहाँ गर्मी हुन्छ त्यस्तो ठाउँमा बसोबास गरिरहनुपरेको हुँदा उनीहरूलाई बसोबासका लागि समस्या पनि भएको छ । सबै परिवार एकै ठाउँमा बसोबास गरिरहेको हुँदा उनीहरूको पारिवारिक जीविकोपार्जनमा पनि समस्या छ भने रोजगारी पाउन मुस्किल हुँदा दैनिकी जीविका धान्न पनि गाह्रो हुँदै गएको छ ।

जिल्ला भूमि अधिकार मञ्च, रसुवाले विस्थापित परिवारको उचित पुनर्वासका लागि भूकम्प गएयता वकालतीय अभियान उठाइरहेको छ । साथै विस्थापित समुदायका अगुवाहरूको क्षमता विकासमा पनि सहयोग गर्दै आएको छ । भूकम्प प्रभावित (जसको भूमि सम्बन्धी समस्या छ, जो विस्थापित परिवार छन्) उनीहरूलाई सङ्गठित गरी स्थायी पुनर्वास गर्न/गराउनका लागि भूमि अधिकार मञ्चले उनीहरूकै अगुवाइमा अभियान उठाइरहेको छ । समुदाय छलफल गर्ने, उनीहरूकै अगुवाइमा जिल्लादेखि केन्द्रीय (राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यालय), जिल्ला प्रशासनलगायतमा ज्ञापनपत्र पेश गर्ने, डेलिगेसन जाने, अन्तरक्रियात्मक छलफल र सार्वजनिक छलफल र बहसका कार्यक्रम आयोजना गर्ने गरिएको छ ।

भूमि अधिकार मञ्चकै पलहमा विभिन्न निकायमा भएको छलफलपछि रसुवाकै खाल्टे (हाल उत्तरगया गाउँपालिका-१ नौबीसे नजिक) मा विस्थापितहरूलाई बसोबास गराउनका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र जिल्लास्थित सरकारी कार्यालयहरू पनि सहमत भएका छन् । उक्त ठाउँ बगर क्षेत्र भएको हुँदा समरटिएन पर्सले प्लटिङ कार्यमा सहयोग गरिरहेको छ । त्यहाँ सबै विस्थापित परिवारलाई बसाउन पर्याप्त जमिन नभएको हुँदा सबैलाई बसोबासको व्यवस्था गरिन सकिने अवस्था छैन । बाँकी विस्थापित परिवारलाई पनि पुनर्वास गराउनका लागि जमिनको खोजी गर्नु आवश्यक छ । त्यसका लागि कति परिवारलाई पुनर्वास गराउनुपर्ने हो र कति परिवारलाई पुरानै ठाउँमा फर्काइने हो भन्ने विषयमा हालसम्म पनि राष्ट्रिय

पुनर्निर्माण प्राधिकरणको भौगर्भिक टोलीको अध्ययन प्रतिवेदन सार्वजनिक नगरिएको हुँदा अन्योल छ।

भूमि अधिकार मञ्च र विस्थापित बस्तीका अगुवाहरूको निरन्तर प्रयास र यसमा जिल्लाका प्रमुख सरोकारवालाहरूको सहयोगमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत प्रा.डा. गोविन्दराज पोखरेलले नौबीसे बस्तीको भ्रमण गरी खाल्टेमा विस्थापित परिवारलाई बसोबास गराउनका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। सोअनुसार खाल्टेमा बस्ती विकास योजना निर्माण गर्ने तयारी पनि थालिएको छ। यीबाहेक खाल्टेमा बस्न पुग्नेबाहेक अन्य विस्थापित परिवारको हकमा के गर्ने भन्ने विषयमा अहिले कुनै प्रक्रिया अघि नबढेको हुँदा अन्योल छ।

## जोखिमयुक्त बस्ती स्थानान्तरण तथा पुनर्स्थापनासम्बन्धी कार्यविधि

संवत् २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पका कारणबाट प्रभावित जोखिमयुक्त बस्तीका बासिन्दा एवम् घर परिवारहरूको आवश्यक व्यवस्था मिलाउन भूकम्पबाट प्रभावित संरचनाको पुनर्स्थापनासम्बन्धी ऐन, २०७२ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी प्राधिकरणले देहायको कार्यविधि बनाएको छ।

### १. सङ्क्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम 'जोखिमयुक्त बस्ती स्थानान्तरण तथा पुनर्स्थापनासम्बन्धी कार्यविधि, २०७३' रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

### २. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि :–

(१) 'कार्यालय' भन्नाले प्राधिकरण, प्राधिकरणको काम गर्ने गरी तोकिएको कार्यालय, आयोजना एवम् सचिवालयसमेतलाई जनाउनेछ।

(२) 'जोखिमयुक्त बस्ती' भन्नाले भौगर्भिक अध्ययन प्रतिवेदनका आधारमा प्राधिकरणबाट जोखिमयुक्त बस्ती भनी एकिन भएका स्थानान्तरण गर्नुपर्ने बस्ती वा बस्तीका घर परिवारसमेत सम्झनुपर्छ।

(३) 'लाभग्राही' भन्नाले भूकम्पबाट प्रभावित निजी आवास लगत सङ्कलन कार्यक्रमबाट प्राधिकरणले लाभग्राही सूचीमा समावेश नभए तापनि जोखिमयुक्त बस्ती भनी एकिन भएका बस्तीका घर परिवारलाई समेत जनाउँछ।

(४) 'स्थानीय तह' भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ।

(५) 'उपभोक्ता समिति' भन्नाले लाभग्राहीमध्येबाट प्रचलित कानुनबमोजिम गठन भएका उपभोक्ता समितिहरूलाई जनाउँछ।

### ३. बस्ती स्थानान्तरण गर्नुगर्ने परिवारको तथ्याङ्क सङ्कलन :

(१) भौगर्भिक अध्ययन प्रतिवेदनका आधारमा बस्ती एवम् बस्तीका घर परिवारलाई देहायबमोजिम वर्गीकरण गरिनेछ।

- केही गर्नु नपर्ने बस्ती एवम् बस्तीको घर परिवार।
- संरक्षण एवम् आवश्यक सुधार गर्नुपर्ने बस्तीका घर परिवार।
- स्थानान्तरण गर्नुपर्ने बस्ती वा बस्तीका घर परिवार।

(२) जोखिमयुक्त बस्तीका लाभग्राही सूचीमा नाम समावेश भएका स्थानान्तरण हुने वा हुनु नपर्ने घर परिवारको छुट्टाछुट्टै तथ्याङ्क सङ्कलन गरिनेछ।

(३) उपदफा (१) बमोजिम सङ्कलन भएको तथ्याङ्कमा समावेश भएका लाभग्राहीलाई साविकदेखि बसोबास गरिआएको बस्तीमा आवश्यक सुधार एवम् संरक्षण गरी बसोबास योग्य भएको अवस्थामा त्यस्ता बस्तीका लाभग्राहीलाई निजी आवास पुनर्निर्माण अनुदानसम्बन्धी कार्यविधि, २०७३ बमोजिमको रकम उपलब्ध गराइनेछ।

(४) यस कार्यविधिबमोजिम जोखिमयुक्त बस्ती भनी एकिन भएका बस्तीका लाभग्राहीले आफ्नो इच्छाअनुसार सम्बन्धित जिल्ला वा भूकम्प प्रभावित जिल्लामध्ये नजिकको जिल्लामा बसाइ सराइ गर्न सक्नेछन्। त्यस्ता घर परिवारलाई आफैँ सुरक्षित जग्गा व्यवस्थापन गर्ने गरी नेपाल सरकारले तोकेबमोजिमको अनुदान जग्गा खरिदसम्बन्धी लिखित प्रमाणका आधारमा सहयोगस्वरूप प्राधिकरणमार्फत एकमुष्ठ उपलब्ध गराइनेछ। निजले उक्त जग्गामा बसोबास गर्नेछ, साथै जोखिमयुक्त बस्तीमा बसोबास गर्न पाउने छैन। त्यस्तो जग्गामा निजी आवास पुनर्निर्माणका लागि निजलाई निजी आवास पुनर्निर्माण अनुदानसम्बन्धी कार्यविधि, २०७३ बमोजिमको रकम उपलब्ध गराइनेछ।

(५) उपदफा (३) बमोजिम दिइएको रकमबाट जग्गा खरिद गरेको प्रमाण लाभग्राहीले सम्बन्धित प्राधिकरणद्वारा तोकिएको कार्यालयमा बुझाउनुपर्नेछ। श्रीमान्-श्रीमतीको हकमा जग्गा धनी प्रमाण पुर्जा उपलब्ध गराउँदा संयुक्तरूपमा उपलब्ध

**भूमि अधिकार मञ्च र विस्थापित बस्तीका अगुवाहरूको निरन्तर प्रयास र यसमा जिल्लाका प्रमुख सरोकारवालाहरूको सहयोगमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत प्रा.डा. गोविन्दराज पोखरेलले नौबीसे बस्तीको भ्रमण गरी खाल्टेमा विस्थापित परिवारलाई बसोबास गराउनका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।**

गराइनेछ।

(६) उपदफा (३) बमोजिम लाभग्राहीले खरिद गरेको जग्गा दश वर्षसम्म कुनै बेहोराले हक हस्तान्तरण गर्न पाउने छैन।

### ४. जोखिमयुक्त बस्ती स्थानान्तरण

(१) जोखिमयुक्त बस्तीका लाभग्राहीमध्येबाट कम्तीमा दश परिवार हुने गरी आफैंले उपभोक्ता समिति गठन गरी सो समितिले छनोट गरेको सुरक्षित स्थानमा एकीकृत बस्ती विकास गरी बस्ती स्थानान्तरण गर्न प्रोत्साहन गरिनेछ। निजहरूलाई सुरक्षित जग्गा व्यवस्थापन गर्न माथि उपदफा ३.(३) मा भएको व्यवस्था भएबमोजिम सहयोग उपलब्ध हुनेछ। यसरी जग्गा प्राप्त भएपछि निजलाई निजी आवास पुनर्निर्माण अनुदानसम्बन्धी कार्यविधि, २०७३ बमोजिमको रकम उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम एकीकृत बस्ती विकास गरी बस्ती स्थानान्तरण गर्न चाहने लाभग्राहीहरूको जग्गा एकीकृत गरी प्राधिकरण वा प्राधिकरणले तोकेको कार्यालयबाट स्थानान्तरण तथा पुनर्स्थापना योजना तयार गरी त्रमिकरूपमा पूर्वाधार विकास गर्न छुट्टै कार्यक्रम बनाइनेछ।

- पूर्वाधार विकास भन्नाले स्थानीय तहको सहमतिमा तहको एकीकृत बस्तीका लागि चाहिने आधारभूत आवश्यकता पूर्ति गर्न निर्माण गरिने संरचना, जस्तै- सडक, खानेपानी, विद्युत्, स्वास्थ्य केन्द्र, शिक्षण संस्थाको क्रमिकरूपमा स्थापना गर्नेसमेत बुझ्नुपर्छ।

(३) त्यस्ता स्थानान्तरण गर्ने बस्तीहरूमा लाभग्राहीलाई स्थानान्तरण गर्नुपर्दा भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणका लागि जग्गा प्राप्ति एवम् जग्गा दर्तासम्बन्धी कार्यविधि, २०७२ बमोजिम गर्नुपर्नेछ।

### ५. पूर्वाधार निर्माणमा उपभोक्ता समिति वा लाभग्राही समुदायको सहभागिता :

(१) एकीकृत बस्ती विकासमा आवश्यक भौतिक पूर्वाधार विकासका कामहरू गर्दा उपभोक्ता समिति वा तोकिएको कार्यालयहरूमार्फत गरिनेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायसँग क्षेत्रगत योजनासम्बन्धी पूर्वाधारका लागि काम गर्दा/गराउँदा खरिद कार्यविधिबमोजिमको सीमाभित्र रही काम गराउन सकिनेछ।

(३) एकीकृत बस्तीमा निर्माण हुने पूर्वाधार विकासको सुपरीवेक्षण राष्ट्रिय पुनर्निर्माण प्रधिकरण वा प्राधिकरणले तोकेको कार्यालयले गर्नेछ।

### ६. जीविकोपार्जनसम्बन्धी कार्यक्रम सञ्चालन :

(१) एकीकृत बस्तीमा स्थानान्तरण भइआएका लाभग्राहीहरूलाई तिनीहरूको परम्परागत सिप वा जीवन निर्वाहको माध्यम पुनर्स्थापना गर्दा उपभोक्ता समिति गठन गर्नुपर्नेछ। उपभोक्तका मागका आधारमा सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन गरिनेछ।



(२) यस कार्यविधिबमोजिम सञ्चालन हुने आयआर्जनसम्बन्धी कार्यक्रम सरकारी वा गैरसरकारी संस्थाबाट समेत गराइनेछ।

(३) आयआर्जन कार्यक्रमको स्वीकृति, संयोजन एवम् अनुगमन जिल्ला समन्वय समितिको सचिवालयबाट गरिनेछ। सचिवालय खडा नभएका जिल्लाका हकमा उक्त कार्य जिल्ला समन्वय समितिको सचिवालयबाट गरिनेछ। सचिवालय खडा नभएका जिल्लाका हकमा उक्त कार्य जिल्ला समन्वय समितिको कार्यालयबाट गर्नुपर्नेछ।

(४) एकल महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग, एवम् विपन्न व्यक्तिलाई जीविकोपार्जन तथा आय आर्जन कार्यक्रममा प्राथमिकता दिइनेछ।

७. भूकम्प प्रभावित जिल्लाहरूमा समुदायबाट स्थानीय तहको सहमतिमा एकीकृत बस्ती विकासका लागि माग भई आएमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण वा प्राधिकरणले तोकेको जिल्लास्थित निकायमा निवेदन दिएमा स्वीकृति दिन सकिनेछ। त्यस्ता बस्तीमा पूर्वाधार विकासका काममा क्रमशः सहयोग पुऱ्याउनेछ।

८. यस कार्यविधिबमोजिम गरिने कार्यहरू स्थानीय तह, सरकारी, एवम् गैरसरकारी संस्थाहरू तथा उपभोक्ता समितिको काम निश्चित गरिएका मापदण्ड एवम् प्रचलित कानुनबमोजिम गरिनेछन्।

९. भूकम्पपीडित लाभग्राहीले पाएसरहको ऋण सुविधा एवम् सहुलियत जोखिमयुक्त बस्तीका बासिन्दाको पुनर्निर्माणमा समेत उपलब्ध गराउन बाधा पुग्ने छैन।

१०. बस्ती स्थानान्तरण एवम् पुनर्स्थापनासम्बन्धी आयोजना स्वीकृति र कार्यान्वयन गर्ने निकाय राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तोकेबमोजिम हुनेछ।

११. जोखिमयुक्त बस्तीका भूकम्पपीडित लाभग्राहीहरूको काममा संलग्न निकायहरूको भूमिका यस कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ। यसमा उल्लेख नभएका विषय अन्य प्रचलित कानुनबमोजिम हुनेछन्। ✿



**सोममाया तामाङ**



**कल्पना आचार्य**

# अन्तर्राष्ट्रिय महिला सम्मेलनमा सहभागी हुँदाको अनुभूति र सिकाइ

एकता परिषद्द्वारा भारतको महाराष्ट्र जलगावमा आयोजित अन्तर्राष्ट्रिय महिला सम्मेलनमा नेपालबाट ६ जना (सरस्वती सुब्बा, कल्पना आचार्य, सोममाया तामाङ, निर्मला बिक, राजु बिक र सुमित्रा सुवेदी) सहभागी भएका थियौं । महिला सम्मेलनमा सहभागी हुन पाउँदा धेरै कुरा सिक्ने, बुझ्ने र विभिन्न ठाउँको भ्रमण गर्ने र त्यहाँको अगुवाहरूको अनुभूतिहरू सुन्ने अवसर पाइयो । यो हाम्रा लागिमात्र नभई अभियानका लागि पनि आगामी दिनमा उपयोगी हुनेछ । महात्मा गान्धीको गान्धी गुरुकूल भवनमा हाम्रा लागि बस्ने व्यवस्था गरिएको थियो । अक्टोबर १ देखि २७ सम्म आयोजना गरिएको कार्यक्रममा ३० देशका सहभागी थिए ।

कार्यक्रममा विभिन्न देशबाट आएका महिलाले आआफ्नो देशको अभियान र अनभूति प्रस्तुति गरेका थिए । सोही अवसरमा विश्व अहिंसात्मक दिवस पनि परेको हुँदा एकता परिषद् र गान्धी रिसर्च फाउन्डेसनको आयोजनामा विश्व अहिंसात्मक दिवस पनि मनाइएको थियो । कार्यक्रममा अहिंसा सद्भावना, शान्ति यात्रा गर्दै भारतका राष्ट्रपिता महात्मा गान्धी र लालबहादुर शास्त्रीको नाममा दीप प्रज्ज्वलन र महात्मा गान्धीको विचार, शैली र सद्भावबारे जानकारी गराउँदै उनीहरूको सम्झना गरियो ।

'जल', 'जङ्गल', 'जमिन' बचाउ भन्दै २५ देशको माटो सङ्कलन गरी सहभागीहरूले एकताको सन्देश दिएका थिए । एकता परिषद्ले सञ्चालन गरेको भूमि अधिकार अभियान र एकता परिषद्को गाउँ सङ्गठनको भ्रमण गरी त्यहाँको अभियानका विषयमा सिक्ने अवसर पाइयो । सहभागीलाई ४ समूह बनाइ फरक-फरक ठाउँ, जस्तै- चम्बल, ग्वालिएर, भोपाल र महाराष्ट्रमा भ्रमण गराइएको थियो । हाम्रो समूहमा ४ देश (साउथ अफ्रिका, जर्जिया, ब्राजिल र नेपाल) का ६ जना भोपाल भन्ने ठाउँमा गएका थियौं । भोपालमा हाम्रो टिमलाई एकता परिषद्का साथीहरूले धेरै राम्रो स्वागत गर्नुभयो । जुन स्मरणीय छ ।

भ्रमणका क्रममा हामीले त्यहाँको स्थानीय सङ्गठन, स्थानीय पत्रकार, गाउँको मुखियालगायतसँग भेट्ने
अवसर पायौं । छलफलमा मुख्यगरी सामाजिक आन्दोनलमा युवाको भूमिका के हो ? अहिंसा के हो ? अहिंसाको पद्धति के हो ? समाजमा हुने हिंसाहरूमा कसरी कमी ल्याउन सकिन्छ भन्ने विषयमा त्यहाँ छलफल भएकाले हामीले पनि बुझ्ने मौका पायौं । अहिंसात्मक आन्दोलनमा मिडिया किन आवश्यक छ ? भन्ने विषयमा पनि स्थानीय पत्रकारहरूसँगको छलफलबाट ज्ञान पायौं । साथै त्यहाँ गान्धीको खादी बनाउ अभियानको विषय पनि बुझ्ने अवसर पायौं । महात्मा गान्धीले गाउँका महिलाले घरमा नै बसी आफैंले प्रयोग गर्ने लुगा आफैं बनाएर लगाउन गाउँका सबै महिलाले काम गरुन् भन्ने उद्देश्यले खादी बनाउने अभियान सुरुवात गरेका रहेछन् जुन ज्यादै चर्चित पनि भएको थियो । यसको प्रभाव पनि राम्रो परेको रहेछ ।

एकता परिषद्को गाउँ सङ्गठन भ्रमण गर्नका लागि पञ्जार, मथार गाउँ र बुदमणि गाउँ पञ्चायतमा गयौं । एकता परिषद्ले पनि नेपालमा जस्तै भूमि अधिकारका लागि आन्दोलन गरिरहेको रहेछ । एकता परिषद्ले किसानलाई सङ्गठित गरेर भूमि अधिकार अभियानमा सहयोग गरिरहेको रहेछ । त्यहाँका किसानले सरकारसँग आन्दोलन गरेर पुर्जा लिएका रहेछन् । आफ्नो नाममा पुर्जा बनेपछि संयुक्त लालपुर्जा पनि निर्माण गरी भएको जमिनमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका रहेछन् । जुन ज्यादै राम्रो लाग्यो । छलफलअनुसार भूमि अधिकारको सवाल नेपाल र भारतको प्रायः मिल्दाजुल्दा नै रहेछन्, समस्या त्यहाँ पनि धेरै रहेछ । र, किसानले सङ्गठित आन्दोलनबाट धेरै अधिकार पनि लिइसकेका रहेछन् ।

भ्रमणको क्रममा दिल्लीको कमलदेवी कम्प्लेक्समा ३ दिनसम्म बसाइ भएको थियो । यो बसाइमा १५ देशका अभियानको डकुमेन्ट्री प्रस्तुत गरिएको थियो । जुन सन्देशमूलक थियो ।

एकता परिषद्ले सन् २०२० मा आयोजना गर्न लागेको विश्व अहिंसात्मक आन्दोलनमा विश्वभरका १ लाख मानिस सहभागी गराउने र यात्रा भारतको दिल्लीदेखि जेनेभासम्म हुनेबारेको जानकारी पनि गराइएको
थियो । यो अभियान ज्यादै महत्वपूर्ण हुने भएकाले कुन-कुन देशले के/कस्तो सहयोग गर्न सक्छ भन्ने विषयमा पनि छलफल गरिएको थियो र जिम्मेवारीहरू पनि बाँडफाँट गरिएको थियो ।

हामीलाई कार्यक्रम अवधिमा सबै विषयवस्तु सिधै बुझ्नका लागि भाषाको समस्या भयो । प्रस्तुति अङ्ग्रेजी भाषामा थिए । भाषा बुझ्न तथा बोल्नमा केही समस्या आए पनि नेपालीमा उल्था गरी सहयोग गरिदिने साथीहरू पनि त्यहाँ भएकाले कार्यक्रमका प्रस्तुति, फिल्ड भ्रमणमा गरिएको

कुराकानी र छलफलका विषय अधिकांश बुझ्न सक्यौं ।

ठूला सम्मेलन/कार्यक्रमको उद्घाटन कुनै दिवस पारेर गर्दा प्रभावकारी हुने रहेछ जसमा महिला सम्मेलनको सुरुको दिन महात्मा गान्धी र लालबहादुर शास्त्रीको जन्म दिन थियो जसले गर्दा अरू सहभागी र सञ्चार माध्यमको कभरेज उल्लेख्य रह्यो ।

एकता परिषद्ले भारतको अहिंसात्मक आन्दोलनमा पुऱ्याएको योगदानस्वरूप कार्यक्रममा बिहार, झारखण्ड, तमिलनाडु केरेला, उडिसा र आसमका ५० जना महिलालाई सम्मान गऱ्यो । सम्मान पाउने अगुवाको सम्मेलनअगाडि नै आन्दोलनमा कहिलेदेखि लागेको, आन्दोलनले सफलता हासिल गरेको विवरण फोटोसहित कार्यक्रम हुने हलको वरिपरि टाँसिएको थियो । यसरी सम्मान गर्ने प्रक्रिया नौलो र सिक्नलायक थियो । भूमि अधिकारमा लाग्ने अगुवा महिला पुरुषलाई पनि यसरी नै सम्मानको निरन्तरता दिँदा यसले आन्दोलनमा लाग्न उनीहरूलाई अझै ऊर्जा मिल्ने महसुस भएको छ ।

यो भ्रमणका क्रममा हामीले अभियानलाई सफलरूपमा अघि बढाउनका लागि स्थानीयस्तरमा जति सक्दो बढी युवा सहभागिता बढाउने, सिर्जनात्मक अभ्यास र कार्यक्रमहरू गर्ने, जसले गर्दा स्थानीय मानिसलाई अभियानप्रति पनि प्रेरित गर्न सकियोस् र अभियानमा आन्दोलन कोष अभिवृद्धि गरी दिगो बनाउन सकियोस् भन्ने सिकाइ पनि भएको छ । यस्तै अभियानलाई अझ बलियो बनाउनका लागि स्थानीयस्तरमा मिडिया, सञ्चारकर्मीहरूको पनि भूमिका बलियो हुने भएको हुँदा उनीहरूसँग पनि राम्रो र असल सम्बन्ध गरेमा प्रभावकारी हुने रहेछ भन्ने सिकाइ पनि त्यहाँको भ्रमण गर्दा र पत्रकारहरूसँग भएको छलफलबाट भएको छ ।



खिम घले

# भूमिको अथइति


जब मिसनरीहरू अफ्रिका आएका थिए, उनीहरूसँग बाइबल थियो, हामीसँग जमिन । उनीहरूले भने, ल अब प्रार्थना गरौं । हामीले आँखा चिम्लियौं । जब आँखा खोल्यौं, हाम्रो हातमा बाइबल र उनीहरूसँग जमिन थियो ।

दक्षिण आफ्रिकी सामाजिक अभियन्ता देसमन्ड टुटुको यो शक्तिशाली भनाइले भूमिसँग मानिसको सम्बन्धको बारेमा धेरै कुरा बोल्छ । एकातिर भूमिसँगको रैथानेको सम्बन्ध बोल्छ भने अर्कोतिर भूमिमा आँखा गाड्ने आगन्तुकको मनोविज्ञान ।

परिस्थितिहरू जति फेरिए पनि भूमि प्राप्तिका लागि मानिसले नयाँ-नयाँ हत्कण्डा अपनाइरहेकै छन्, अझ सामन्ती समाजमा त्यसको अनेक रूप थिए, छन् र रहिरहनेछन् । त्यसमा पिसिन्छन् वास्तविक भूमिका मालिक अर्थात भूमिको उपभोग गर्ने रैथानेहरू ।

राजनीतिक विश्लेषक झलक सुवेदीको रिपोर्ताज शैलीको एउटा अनुसन्धानमूलक सानो पुस्तकले शीर्षकमै भनिएजस्तो नेपाली सन्दर्भमा भूमि : राज्य र किसानको अवस्थाबारे धेरै कुरा बोल्छ । मुलुकको भूमिसम्बन्धी व्यवस्थाहरू, आदिवासी जनजातिका थातथलोमा भएका अतिक्रमण र सामन्ती भूमि व्यवस्थाका कारण किसानले भोग्नुपरेका हृदयविदारक कथाहरू यस पुस्तकमा समेटिएका छन् ।

मैले सानै छँदा सुनेको थिएँ, गुरुङ गाउँको भेडी गोठको डिठ्ठा र वेलायती सेनाको लाहुरेको आर्थिक र सामाजिक हैसियत बराबरी भएको कुरा । तर यो ३० वर्षको अन्तरालमा डिठ्ठा र वेलायती सेनाको




लाहुरेको आर्थिक र सामाजिक हैसियतको कुरा छाडौँ, गुरुङ गाउँका भेडीगोठहरू रित्तिए । पराई भूमिमा बुट बजार्ने लाहुरे पेसाको आर्थिक र सामाजिक हैसियतले चुलिएर सगरमाथा बन्यो । अझ खाडीको मरुभूमिमा भेडा चराउन नेपाली पुगे ।

समुदायगतरूपमा यो गुरुङको मात्र समस्या होइन, परम्परागतरूपमा पुस्तौँपुस्तादेखि चलाउँदै आएका यी सांस्कृतिक पेशा लोप हुनुमा आधुनिकीकरण मात्र दोषी छैन । राज्यले अपनाएको भूमिमाथिको स्वामित्वको व्यवस्था पनि कहीँ न कहीँ दोषी छ । भूमिसँग समुदायको अपनत्व र त्यसमा राज्य वा बाहिरियाबाट हुने शोषणले पेशा र व्यवसायको विकासमा बाधा पुगेको उदाहरण हुन सक्छ यो ।

पुस्तकको अध्याय तीनमा नेपालका रैथाने आदिवासी जनजातिको भूमि (यसमा जल, जङ्गल र जमिन समेटिन्छन्) मा कारण के असर पर्‍यो भन्ने कुराको सरसर्ती विवरण पाइन्छ। लेखकले अध्ययनका लागि नवलपरासीका बोटे, माझी, मुसहर, बर्दियाका सोनाहा, कैलालीका राजी, चितवनका चेपाङ, दनुवार, माझी र पश्चिम नेपालका गुरुङलाई लिएका छन्। उनीहरूको थातथलोमै पुगेर कुराकानी गरेका छन्। यसले एक प्रकारको रिपोर्ताज शैलीको मिठास दिएको छ। अनुसन्धानमूलक पुस्तकको सैद्धान्तिक ठेलीको भन्दा अलि फरक यद्यपि ती समुदायको भूमिसँगको सम्बन्ध, त्यसले निर्माण गरेको आर्थिक, सामाजिक र सांस्कृतिक संरचना, विविध कारणले भूमि गुम्दै जाँदा त्यसमा परेको असर र त्यसले निम्त्याएको कहरको गहिराइ एक बसाइमा सकिने, थाहा हुने र भ्याइने कुरा होइन।

पुस्तकको पहिलो भाग विषय प्रवेश र अनुसन्धान विधिबारे छ। दोस्रो अध्यायदेखि भने पुस्तकको विषवस्तु सुरु हुन्छ। यस अध्यायमा नेपालमा रहेका भूमि व्यवस्थाहरूबारे चर्चा छ। नेपालमा अझै पनि सातथरी भूमि व्यवस्थामध्ये केही प्रचलनमा छन्। केहीका अवशेष बाँकी छन्। धेरैथरी भूमिबारेमा सुने पनि यी सबैका बारेमा सामान्य जानकारी हुनु राम्रो हुन्छ। यही अध्यायमा लेखकले नेपालमा भएका भूमि सुधारका प्रयासहरूलाई पनि छोटकरीमा समावेश गरेका छन्।

कुनै जमाना थियो नेपाली कम्युनिस्टहरूको सबैभन्दा आकर्षक र ठूलो नारा भनेकै 'जसको जोत उसको पोत' थियो। गाउँघरमा यो नारा सुनेर एक दुई रोपनी जमिन अरू गाउँलेको अधियाँमा खेतीपाती गर्नेको आशा र त्रास कहिल्यै यथार्थमा परिणत भएन। पुस्तकमा छोटकरीमै सही कम्युनिस्ट पार्टीहरूले उठाउने 'क्रान्तिकारी भूमि सुधार'को नारा र सरकारैपिच्छे बन्ने सुकुमबासी आयोगको कुरा पनि समेटिएको छ।

पुस्तकको चौथो अध्यायमा बिर्ता र गुठी व्यवस्थाले रैथाने किसानमाथि थोपरेको शोषणको कथा छ। सामान्य अर्थमा आदिवासीय सन्दर्भमा गुठीको सन्दर्भले आफ्नो कुल घरानाहरू मिलेर पारिवारिक, सामाजिक तथा सांस्कृतिक अवयवहरू चलाउनका लागि बनाइएको परम्परागत संस्थाको अर्थ दिन्छ। तर राज्यका तर्फबाट कुनै संस्थाको नाममा खोलिएको गुठी, त्यसका लागि जोहो गरिएको जमिन र आफैँले आवाद गरेको जमिनलाई शासकको आदेशमा गुठीमा परिणत गरिदिएपछि आफ्नै जग्गामा मोही बनेका किसानको हृदयविदारक कथा सामन्ती समाजको शोषणको कथा छ यो अध्यायमा। यसमा समेटिएको मेलम्ची भ्यालीमा पशुपति महास्नान गुठी र हेलम्बु क्षेत्रको तारुके घ्याङले किसानमाथि गरेको शोषणको प्रतिनिधि कथा पढेपछि भूमि अधिकारका लागि कोही किन वर्षौंदेखि भौतारिएका होलान् भन्नेहरूलाई तत्वज्ञान हुनेछ।

**कुनै जमाना थियो नेपाली कम्युनिस्टहरूको सबैभन्दा आकर्षक र ठूलो नारा भनेकै 'जसको जोत उसको पोत' थियो। गाउँघरमा यो नारा सुनेर एक दुई रोपनी जमिन अरू गाउँलेको अधियाँमा खेतीपाती गर्नेको आशा र त्रास कहिल्यै यथार्थमा परिणत भएन।**

पशुपति महास्नान गुठीको कथा सुनौँ- कथा सुरु हुन्छ संवत् १८५६ तिर। राजा रणबहादुर शाह बहुलाएको ताका, गेरुबस्त्र लगाएर संन्यासी बनेका रणबहादुरले नगरकोट गएका बेला चाकरीवाला कसैले पशुपतिको महास्नान गुठीका लागि खर्चपर्चको व्यवस्था गर्न पाए हुने भनेर बिन्ती चढाएछ। रणबहादुरले नगरकोटबाटै हातले इसारा गरेर फटकशीलाका सबै जमिन पशुपति गुठीको नाममा तोकिदिए। त्यसमा केही बाहुन बिर्तावाल पनि रहेको थाहा पाएपछि तिनीहरूको बाहेक भन्ने आदेश भयो। अनि फटकशीलाबासीहरू आफैँले आवाद गरेको जमिनमा गुठीको जोताहा किसानमा परिणत भए। तारुके घ्याङको कथा पनि यसैसँग मिल्दो छ।

रसुवाको कटुन्जेस्थित धैबुङका किसानको कथा पनि कम मर्मस्पर्शी छैनन्। त्यहाँका रैथाने न्यौपानेका पुर्खाले चार आना ठेकी तिरेर पाखो फाँडेर बस्ती बसाएका थिए। तर काठमाडौँका शासकले थाहै नदिई काठमाडौं बस्ने कोही चाकरीवाला उपाध्याय बाहुनलाई बिर्ता दिएछन्। उनीहरू स्वतन्त्र किसानबाट अब बिर्तावालाको जोताहा किसानमा परिणत भए। तिनकै सन्तान ५२ वर्षे भवानी न्यौपानेको सङ्घर्ष नै अन्य यस्तै किसानहरूको पनि प्रतिनिधि सङ्घर्ष हो। शोषणबाट मुक्तिको चाहनाको कथा हो।

यसरी पुस्तकले केही विवरण, केहीका जीवनका कथा, केही खोजिएका तथ्य समेटेर नेपालमा भूमिको व्यवस्थापन र त्यसबाट भएको सीमान्तीकरणबारे भन्छ। यद्यपि यसले कतिपय प्रसङ्गमा थप तथ्यको आवश्यकता महसुस गर्छ। पुस्तकको एक ठाउँमा भद्रकुमारी घलेले दनुवारहरूको जग्गा हडपेको बताइएको छ। तर त्यसमा उनीहरूलाई हात लिएर भनिए पनि कसरी भन्ने उल्लेख छैन।

एउटै सानो पुस्तकमा सबै कुरा समेट्दा सबैलाइ छोएजस्तो भए पनि एउटै विषयमा गरिएको जस्तो गहन अध्ययन बन्न सकेको छैन। भूमिको व्यवस्था, समुदाय र भूमिको सम्बन्ध, गुठी र बिर्ताबाट पीडितहरूको कथा, सुधारका प्रयास जस्ता धेरै विषय यसमा समेटिएका छन्। यी छुट्टाछुट्टै धेरै पुस्तकहरू लेखिन सक्ने विषय हुन्। त्यसैले पुस्तक पढ्दा विषयहरू नसकिएजस्तो लागिरहन्छ। पुस्तकमा भूमि अधिकारकर्मी सोम भण्डारीबारे ८ पेज लामो पत्रिकामा छापिएको पुरानो आलेख पनि छ। त्यसलाई त्योभन्दा छोटो र सरोकारका विषय समेटेर चुस्त बनाउन सकिन्थ्यो। अरूका सन्दर्भमा पनि कतैकतै अनावश्यक प्रसङ्ग, जस्तै- बिहे तथा अन्य विवरण आइरहन्छन् नै। यद्यपि यस पुस्तकको सबैभन्दा महत्वपूर्ण पाटो भनेको सरल प्रस्तुति नै हो, यस हिसाबले आममानिसको पहुँचमा छ यो पुस्तक।

(कान्तिपुर दैनिकबाट)



सुष्मा न्यौपाने

# कहर पुस्तक पढेपछि

जब कहर पढ्न सुरु गरेँ, ध्यान तानियो। पढ्दै जाँदा कति पटक आँखाबाट आँसु झरे, कति पटक भक्कानिएँ थाहै भएन्। फेरि सम्झिएँ, म त किताब पढ्दैछु। तर मनले मानेन्। म त वास्तविकता देखिरहेछु। हेरिरहेछु। किनकि यो कुनै काल्पनिक उपन्यास, कथा वा कविता थिएन्। हाम्रै नेपाली दाजुभाइ दिदीबहिनी, अनि आमा, बाको वास्तविक जीवनी थियो। पुस्तक पढ्दै गर्दा हरेक पात्र र घटनाको म आफैं प्रत्यक्षदर्शी भएजसरी चित्रहरू आँखामा नाचिरहे। युवा पत्रकार जनकराज सापकोटाद्वारा लेखिएको कहर पुस्तकले नेपालमा हाल वैदेशिक रोजगारीले बिथोलिएको समाजको यथार्थ चित्रण गरेको छ। धेरै पुस्तक पढेभन्दा फरक अनुभूति भयो। मनमा धेरै पीडा र उल्झन थपिए। धेरै जानकारी पनि यस पुस्तकबाट पाइयो। यो उल्झन देशको भयानक स्थिति चित्रण गरेको पुस्तक पढेपछि मनमा चिन्ता थपियो।

२ वर्षदेखि मलेसियामा सम्पर्कबिहीन अवस्थामा रहेका मनकाजी भुजेलको सरकारी कार्यालयमा खोजी गरिदिन अनुरोध गर्न रातदिन आँसु चुहाएर, लैनो भैंसी बेचेर काठमाडौं धाएका तनहुँका कृष्णबहादुर भुजेलको पीडा त कम भयो। करिव ३ वर्षसम्म बेपत्ता भएको छोरा खाली हात भने पनि घर फर्कियो तर ७ वर्षदेखि आमाको बाटो हेर्दै खोजिरहेका, अनि हरेक पटक मोबाइलमा घन्टी बज्दा आफ्नी आमाको पो हो कि भनेर आशावादी बनेका विदुर, बुढेसकालमा श्रीमतीको वियोगले सक्किनै लागेका क्षेत्रबहादुर, आमालाई राम्ररी चिन्नसमेत नपाएका र आमाको माया तथा खानपिनको अभावले कुपोषित बनेका राम, लक्ष्मण अनि बच्चैमा विवाह गरेका छोरीहरूको आमा भेट्ने आशा कहिलेसम्म जिउँदो रहने हो, थाहा छैन।

सर्लाही, महिनापुरकी गीताकुमारी देवीको जीवनमा पनि वैदेशिक रोजगारीकै कारण जीवनभर नमेटिने घाउ लागेको छ। उनका श्रीमान् रामध्यान यादव अब कहिल्यै फर्कने छैनन्। र, शायद गीताको जीवनको रङ र खुसी पनि फर्किने छैन। करिव २० वर्ष पनि नपुगेकी गीता जस्तै श्रीमान्को मृत्युका कारण आर्थिक सहायताका लागि काखे बालक चेपेर आँसु झार्दै वैदेशिक रोगजार प्रबर्धन बोर्डमा हाकिमसँग बोल्न पनि डराएर नमस्कार गर्ने पत्नीहरू, बुढेसकालका सहारा छोरा, छोरीको मृत्युमा जिउँदो लास बनेका आमा, बाबुहरू, बाबा आमा नचिन्दै उनीहरूको सुन्दर भविष्यका लागि कमाउन विदेशिएर घर नफर्केका टुहुराहरू र तिनका परिवारको दैनिकी, भविष्य र पीडा सम्झेर अत्यासै लाग्छ।

रामेछापका ज्ञानबहादुर नेवार कतार पुगेको १ वर्ष पनि नपुग्दै बाकसमा लासका रूपमा फर्के। ४ र ५ वर्षका छोराहरू अनि उनकी श्रीमती मनिकाको भविष्य के होला ? दोस्रो विश्वयुद्धताका श्रीमान् राम्रोसँग नचिन्दै लाहुर गएर नफर्की बालविधवा बन्न पुगेकी चितवनकी पवित्रा खत्रीको दुःख र आँसु उस्तै छन्। श्रीमती, वृद्ध बाबु र बच्चाहरू छाडेर धन कमाउन विदेश पसेका गिरीबहादुर दुर्घटनामा परी कतारको अस्पतालको कोमामा जिउँदो लास भएर रहेका छन्। यता उनकी श्रीमती र परिवारको दुःखको कुरा सम्झेर पनि सकिँदैन्।

यस पुस्तकमा अटाएका यी पात्र तथा घटना त वैदेशिक रोगजारीका कारण नेपालमा परिरहेका केही प्रतिनिधि पात्र र घटनामात्र हुन्। राष्ट्रिय जनगणना २०६८ अनुसार १९ लाख १७ हजार ९ सय ३ नेपाली वैदेशिक रोगजारीमा थिए। आर्थिक वर्ष २०७१/०७२ मा इजाजतवाला संस्थाबाट मात्र ३ लाख २ ९ हजार ७० जना वैदेशिक रोजगारीमा गएका छन्। हरेक दिन सरदरमा २ हजार नेपाली विभिन्न सपनाको खोजीमा विदेश पसिरहेका छन्। वैदेशिक रोजगार प्रबर्द्धन बोर्डका अनुसार २०६५ साउनदेखि २०७२ असारसम्ममा ४ हजार २ सय ८१ नेपालीको मृत्यु वैदेशिक रोगजारीका क्रममा भएको छ। प्रत्येक दिन २ जनाभन्दा धेरै नेपाली विदेशी भूमिमा ज्यान गुमाइरहेका छन्। सयौं अपाङ्ग, अशक्त र अर्धचेत भएका छन्। हजारौं बाबु-आमाको सहारा खोसिएको छ। हजारौँ बालबालिका टुहुरा भएका छन् अनि हजारौँ महिला एकल भएका छन्। तिनीहरूको भविष्यमा सधैंका लागि कालो बादल छाएको छ। देशले पनि युवाहरू गुमाइरहेको छ। तर पनि विदेश जाने क्रम रोकिएको छैन। विदेशिनु कसैको रहर होइन, बाध्यता हो। खै कति दिन यसैगरी गरिबीको मारमा डुबेका नेपालीको हाड घोटेर कमाएको धनले देश चल्छ, थाहा छैन।

वैदेशिक रोजगारीका कारण पीडा भोगेका वा ज्यान गुमाएकाहरूका परिवारले केको आशामा वा केको गुन सम्झेर कुन नेतालाई मत दिएर जिताउलान् ? तिनीहरूको मनमा के विचार आइरहेको होला ? समाजमा आक्रोश, विद्रोह त्यसै उब्जेका होइन रहेछन्। पुस्तकका वास्तविक पात्रहरू कहाँ के गर्दै होलान् ? तिनीहरूको अवस्था के होला ? तिनीहरूको घाउमा खाटो बस्ने केही चमत्कार भयो कि उस्तै होला ? एउटा सामाजिक अभियानमा लागेको नाताले मैले के गर्न सकुलाँ ? नेपालमा भविष्य नदेखेका युवाहरूलाई कसरी नेपालमा भविष्य बनाउने होला ? यसमा कसको भूमिका के होला ? मनमा प्रश्नैप्रश्नमात्र आए। यस्तो विषय हामीले महसुस गर्नुपर्छ र गाउँघरमा पनि छलफल चलाउनु आवश्यक छ। यस्ता विषयको छलफलले हाल देखिइरहेका समस्या र बढ्दो विदेशिने क्रम रोक्न मद्दत पुग्न सक्छ। ✿

# मोही अधिकारका लागि यात्रा

सरकारले २०७३ भदौ ६ गते नेपाल राजपत्रमा मोही जग्गा दर्ता गर्नका लागि सूचित गर्दै १ वर्षे सूचना जारी गरेको छ। लामो समयदेखि बाँकी रहेको मोही समस्या समाधान गर्नका लागि भूमि अधिकार मञ्चले गरेको निरन्तर सङ्घर्षपछि नेपाल सरकारले मोही किसानको मोही हक सुनिश्चित गर्न/गराउनका लागि सूचना प्रकाशन गरेको हो। मोही किसानलाई आफ्नो हक लिनका लागि यो एक अवसर पनि हो। यसकारण ग्रामीण तहमा रहेका मोही किसानलाई यसबारे जानकारी गराउन र समयमै सम्बन्धित निकायमा गई आफ्नो मोही हक दाबीका लागि निवेदन दिन सचेतीकरण गराउने उद्देश्यले विभिन्न जिल्लामा मोही जागरण यात्रा आयोजना गरियो।

यो अवधिमा धेरै मोही किसानले निवेदन दर्ता गराएका छन्। मोही किसानलाई यस विषयमा सूचित गर्नका लागि जिल्ला भूमि अधिकार मञ्च र गाउँ भूमि अधिकार मञ्चले सहयोग गरिरहेका छन्। मोही किसानहरू बढी रहेका जिल्लामा मोही जागरण यात्रा पनि गरिएको छ। विभिन्न जिल्लामा स्थानीयस्तरमा रहेका मोही किसानलाई समयमै मोही हक बाँडफाँट, मोही नामसारी, मोही विवाद मिलान जस्ता मोही किसानसँग जोडिएका समस्या समाधान गर्नका लागि जागरुक गराउन यो अभियानले भूमिका खेलेको छ। यो यात्राले मोही किसानमा जिल्ला तहमा रहेको भूमि सुधार कार्यालय तथा मालपोत कार्यालयमा गई निवेदन दर्ता गर्न/गराउन सूचित गरेको छ भने यस कार्यमा भूमि अधिकार मञ्चका अगुवाहरूले पनि भूमिका निर्वाह गरेका छन्। यात्राकै क्रममा धेरै किसानले आफूहरूसँग भएका मोही किसानी विवरणहरू सङ्कलन गरी सम्बन्धित कार्यालयमा निवेदन दर्ता पनि गराएका छन्। मोही किसानहरूले अझैसम्म पनि आफ्नो मोही हक दाबीका लागि निवेदन दर्ता गराएका छैनन् भने आगामी भदौ ५ गतेसम्म सम्बन्धित जिल्लाको मालपोत या भूमि सुधार कार्यालयमा गई निवेदन दर्ता गराउन सक्नेछन्। यस कार्यमा विभिन्न जिल्लामा भूमि अधिकार मञ्च र अगुवाहरूले पनि सहजीकरण गरिरहेका छन्।

यस अवधिमा विभिन्न जिल्लामा भएका मोही अभियान गतिविधि र तस्बिर यसप्रकार समेटिएका छन् :

### उदयपुर

जिल्ला भूमि अधिकार मञ्च उदयपुरको आयोजनामा ७ दिने मोही जागरण यात्रा भयो। २०७३ फागुन १६ गतेदेखि तपेश्वरी. गाविसको वडा नं. ९ आमबासी चौकमा कोण सभा गरी अभियान सुरु गरिएको थियो। कोण सभामा मोही अभियानको महत्वबारे छलफल गरियो। यात्रा बेल्टारबाट बर्खेडाँडा हुँदै झोडापाटामा मोहीहरूसँग छलफल गरेर बेल्टार बसाहा सुगारे सङ्घर्षशील गाउँ भूमि अधिकार मञ्चको व्यवस्थापनमा विद्यालयमा पहिलो दिन बास बसियो। दोस्रो दिन, मोहीहरूलाई प्रशिक्षण दिनुका साथै उनीहरूका प्रमाण हेर्ने र सुझाव दिने काम भएको थियो। सोही दिनमा २ वटा मोही बाँडफाँट निवेदन, २ वटा मोही नामसारी निवेदन, १ वटा मोही प्रमाण भएको तर नामसारी सिफारिस नभएको र मोहियानी हक प्रमाण केही नभएका ११ जनाको सूचना सङ्कलन गरिएको थियो। हरेक दिन यसैगरी विभिन्न गाउँ पुग्ने, मोही किसान र सङ्गठनका सदस्यहरूसँग भेटघाट गर्ने र प्रशिक्षणको कार्यलाई निरन्तरता दिइएको थियो। पीडितहरूको नागरिकता र मोहीको लालपुर्जामा नाम नमिलेको खण्डमा गाविस प्राविधिकलाई नै राखेर सर्जमिन मुचुल्कासमेत उठाउने कार्य गरिएको थियो। हरेक दिन मोही किसानलाई प्रशिक्षण दिइएको थियो भने यस अभियानबाट सङ्गठनका सदस्य र किसान उत्साहित भएका थिए। जसले गर्दा जागरण अभियानलाई प्रभावकारी बनाएको थियो। यात्राको अन्तिम दिन आयोजना गरिएको




कार्यक्रममा ४०० जना सहभागी भएका थिए। भेलामा मोही किसान र सङ्गठनका अगुवा सदस्य थिए। र्‍याली तथा कोण सभा गरी कार्यक्रम समापन गरिएको थियो। १२ वटा मोही बाँडफाँट निवेदन, ३ वटा नामसारी निवेदन, ३ को घरमै मिलापत्र गर्ने र ८५ जना नामसारी गर्नुपर्ने गरी जम्मा १०३ परिवारको सूचना सङ्कलन गरिएको थियो।

### बर्दिया

बर्दिया जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा मोही जागरण अभियान गरियो। २०७३ चैत ३ देखि ९ गतेसम्म भूमि अधिकार जागरण यात्रा भएको हो। यात्राका क्रममा बर्दियाका विभिन्न बस्ती पुगी किसान र अगुवाहरूसँग छलफल गरिएको थियो। जागरण अभियानको अन्तिम दिन गुलरिया बजारमा नारा जुलुससहित बजार परिक्रमा गरी कोण सभा गरिएको थियो। सभामा करिव ३ हजार भूमि अधिकारबाट



वञ्चितहरूको सहभागिता थियो ।

यात्रा अवधिमा ३ वटा नगरपालिका गुलरिया, बाँसगढी र बारबर्दिया तथा एक गाउँपालिका बढैया तालअन्तर्गतका विभिन्न वडाको समुदायमा रहेका बस्ती पुगी जागरण यात्रा गरियो । जहाँ जहाँ भूमिहीन, सुकुमबासी, मुक्त कमैया र मोही किसान बसोबास गरिरहेका छन्, त्यस्तो समुदायमा पुगी उनीहरूसँग प्रत्यक्ष भेटी छलफल गरियो । यस्तो यात्राका क्रममा टोलटोल र घरघरमा पुगी छलफल गर्दा प्रभावकारी हुने रहेछ र समुदायका मानिस पनि ज्यादै हर्षित हुने रहेछन् ।

यात्राका क्रममा हामी ८५ (३१ महिला) जना सहभागी थियौं । प्रत्येक यात्रीले मञ्चको झण्डा, आफूलाई आवश्यक पर्ने सामग्री, जस्तै- थाल, पानीको बोतल, गिलास, कपडा, कम्बल वा बर्को बोकी नारा लगाउँदै बस्ती बस्ती पुगेका थियौं । यसरी जागरण यात्राको लस्कर पुग्दा बस्तीका सदस्यले यात्रीलाई ठाउँठाउँमा फूलका गुच्छा दिने, माला लगाइदिने, अविर र टीका लगाइदिने, चिया खाजा खुवाउने र कतै कतै खानासमेत खुवाइ सम्मान सत्कार गर्दा हामी ज्यादै हर्षित भएका थियौं । बस्तीका मानिस पनि हाम्रो समस्या समाधान गर्नका लागि घरघरमा आई जागरण गराउनुभएको भन्दै खुसी देखिन्थे । अभियानका समाचार सम्प्रेषण गर्ने, यात्रीसँग अन्तर्वार्ता लिने र प्रकाशन तथा प्रशारण गर्ने कार्यमा स्थानीय सञ्चारमाध्यमले राम्रो सहयोग गरेका थिए । मिडियाकै कारण धेरै सरोकारवालाको ध्यानकर्षण पनि भएको छ ।

### दाङ

जिल्ला भूमि अधिकार मञ्च, दाङको आयोजनामा २४-३० चैत २०७३ सम्म भूमि अधिकार जागरण यात्रा भयो । कुलमोहर गाउँ भूमि अधिकार मञ्चबाट भूमि अधिकार जागरणका लागि पैदल यात्रा सुरु भएर जिल्लाका विभिन्न गाउँ भूमि अधिकार मञ्चमा पुगी सभा तथा छलफल गरियो । जागरण यात्राका क्रममा स्थानीयस्तरमा विभिन्न राजनीतिक दल, स्थानीय सरोकारवाला निकायका प्रतिनिधि सहभागी भई सहयोग गरेका थिए । अन्तिम दिन आयोजना गरिएको कोण सभा कार्यक्रममा सबै राजनीतिक दलका प्रतिनिधि, सरोकारवाला निकायका प्रतिनिधि र भूमि अधिकार मञ्चका सदस्यको व्यापक सहभागिता थियो । सभामा मोही किसानले मोही हक प्राप्तिका लागि भूमि सुधार कार्यालयमा निवेदन समयमै पेश गर्नका लागि मुख्यगरी छलफल गरी सबैलाई जानकारी गराइएको छ । सहभागी राजनीतिक दल र सरोकारवाला निकायका प्रतिनिधिले पनि भूमि समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

### सर्लाही

जिल्ला भूमि अधिकार मञ्च, सर्लाहीको आयोजनामा मोही जागरण यात्रा भयो । जिल्ला मञ्चले २ चरणमा जागरण यात्रा गरेको थियो । पहिलो चरणमा १०-१३ वैशाख र दोस्रो चरणमा २०-२२ वैशाख, २०७४ मा मोही जागरण यात्रा गरी ग्रामीण भेगमा रहेका मोही किसानलाई मोही हक लिन, यसका लागि मालपोत तथा भूमि सुधार कार्यालयमा मोही हक दाबी गर्दै निवेदन पेश गर्ने विषयमा गाउँगाउँ पुगी जानकारी गराएको छ । सर्लाहीमा हालसम्म मोही नामसारी ११३३, बाँडफाँटका ९५१ र अन्य १००३ निवेदन परेका छन् । यसमध्ये हालसम्म १०५ वटा मुद्दा मिलोमतो भई छिनोफानो भइसकेको छ । मञ्चले मोही जागरण यात्रासँगै २ गाउँपालिका र ३ नगरपालिकाका टोलटोलका मोहीलाई प्रशिक्षण पनि दिएको छ । जतिसक्दो धेरै किसानले यसबारे जानकारी पाउन् भन्ने उद्देश्यले मोही निवदेन पेश गर्नका लागि आह्वान गर्दै स्थानीय रेडियोबाट पनि सूचना प्रशारण गरिएको छ । यस अभियानले मोही किसानलाई जागरुक गराउन मद्दत गरेको छ ।

## बगर खेतीबाट आम्दानी

जिल्ला भूमि अधिकार मञ्चको सहयोग तथा गाउँ भूमि अधिकार मञ्चको सक्रियतामा विभिन्न जिल्लामा बगर खेती गरिएका छन् । गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित भएका परिवार यस्तो खेतीमा सहभागी भई आयआर्जन बढाउनका लागि सक्रिय भएका हुन् । दाङ, सर्लाही र उदयपुरका ११२ परिवारले बगर क्षेत्रको ५.८४ हेक्टर जग्गा उपयोगमा ल्याई बगर खेती गरेका हुन् ।

बगर खेतीमा मौसमअनुसारका नगदे बाली तथा तरकारी बालीका खेती गरिएको छ । सजिलै र छिट्टै आम्दानी लिन सकिनेखालका तरकारी खेती गरिएको छ ।



काँक्रा, फर्सी, लौका र तर्बुजा जस्ता तरकारी र फलफूलका साथै बदाम, रहर, धान खेती गरी आम्दानी वृद्धि गरिएको हो । दाङमा बगर खेती गर्नेले धान, बदाम र रहर खेतीबाट ८२ हजार ७ रुपियाँ आम्दानी लिएका छन् । सदस्यहरू हालसम्म सामूहिक खेतीबाट २५००० रुपियाँको आन्दोलन कोषसमेत जम्मा गर्न सफल भएका छन् । बगर खेतीका लागि जिल्ला भूमि अधिकार मञ्चबाट २६ हजार रुपियाँ सहयोग गरिएको थियो । सो रकमले सिँचाइको व्यवस्थापन गरिएको थियो ।




# आत्मनिर्भर केन्द्रको वार्षिक दिवस

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको २४ औं वार्षिक दिवस मनाइयो । २०७३ चैत १ गते काठमाडौं जिल्लाको लप्सीफेदीमा विविध कार्यक्रम आयोजना गरी वार्षिक दिवस मनाइएको हो । वार्षिक दिवसमा आत्मनिर्भर केन्द्रका साधारण सदस्य, कार्यसमिति पदाधिकारी, कर्मचारी, भूमि अधिकार मञ्चका अगुवा, अभियानकर्ता, सहयोगी र सरोकारवाला निकायका प्रतिनिधिसहित १०० (४९ महिला, ५१ पुरुष जसमा ७ दलित, २९ जनजाति, ५५ ब्राह्मण/क्षत्री, ३ नेवार र ६ अन्य) जना सहभागी थिए ।

वार्षिक दिवसको उद्घाटन एकैसाथ २४ वटा मैनबत्ती बाली गरिएको थियो । एकापसमा परिचय, शुभकामना आदान-प्रदान गरी दिवस मनाइएको थियो । कार्यकारी निर्देशक जगत देउजाले भूमि अधिकार अभियान र विभिन्न परियोजनाअन्तर्गत भइरहेका कार्यक्रमको उपलब्धि र आर्थिक प्रगति प्रस्तुत गर्नुभएको थियो । कार्यक्रम सञ्चालन अभियान व्यवस्थापक कल्पना कार्कीले गर्नुभएको थियो । कार्यक्रममा सहभागी सहयोगी संस्थाका प्रतिनिधि तथा सहयोगी व्यक्तिहरूले आत्मनिर्भर केन्द्रसँग सहकार्य गर्दाका अनुभूति राखेका थिए ।

आत्मनिर्भर केन्द्रका अध्यक्ष डा. सुरेश ढकालले आत्मनिर्भर केन्द्रले साँच्चै समुदायका गरिब, भूमिहीन र सीमान्तकृत समुदायका लागि आत्मनिर्भर केन्द्रले प्रभावकारी काम गरिरहेको हुँदा लामो समयसम्म संस्था टिक्दै अझ बलियो हुँदै अघि बढिरहेको बताउनुभयो । उहाँले संस्थालाई यहाँसम्म ल्याउनका लागि सहयोगी संस्था, सहकार्य गर्ने विभिन्न निकाय र व्यक्तित्वहरू अनि अहोरात्र खट्ने कर्मचारी तथा शुभचिन्तकहरूको महत्वपूर्ण र उल्लेखनीय भूमिका रहेकाले आगामी दिनमा पनि यस्तै अपेक्षा राखिएको बताउनुभयो । कार्यक्रममा भूकम्पपछिका कार्यक्रम लागु भइसकेपछि पीडितहरूमा आएका सुधारसम्बन्धी र भूमि अधिकार अभियानलाई समेटी तयार गरिएको भिडियो डकुमेन्ट्री प्रस्तुति गरिएको थियो । सहभागी सबैलाई संस्थाको तर्फबाट मायाको चिनो पनि प्रदान गरिएको थियो ।

वार्षिक दिवसको अघिल्लो दिन बोर्ड तथा साधारण सदस्य र कर्मचारीबीच आत्मनिर्भर केन्द्रको रणनीतिक योजनाबारे छलफल गरी सुझावहरू सङ्कलन गरिएको छ । सोअनुसार आगामी दिनमा परिवर्तित अवस्थामा आत्मसात गरी काम गर्नका लागि संस्थाको रणनीति परिमार्जन गरिने तयारी पनि गरिएको छ । सोअनुसार संस्थागत सल्लाहकार जगत बस्नेतले रणनीति परिमार्जन गर्नका लागि छलफल गरी सङ्कलन गरिएको केन्द्रको सबल पक्ष र सुधार गर्नुपर्ने पक्षबारे प्रस्तुति गर्नुभएको थियो ।

आत्मनिर्भर केन्द्र २०४९ साल चैत १ गते सिन्धुपाल्चोक जिल्लामा विधिवत्रूपमा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको एक सामाजिक संस्था हो । आत्मनिर्भर केन्द्रले नेपालमा गरिब तथा साना किसानको जीविकासँग जोडिएको भूमि तथा कृषि अधिकार अभियानलाई सघाइरहेको छ । यस अवधिमा आत्मनिर्भर केन्द्र देशका ५९ जिल्लामा अभियानमार्फत समुदायका गरिब तथा भूमिहीनको पक्षमा काम गरिरहेको छ भने अन्तर्राष्ट्रियस्तरमा पनि अन्तर्राष्ट्रिय भूमि सञ्जाल, एङ्गक, फोरम एसिया र वार रेसिस्टेर इन्टरनेसनलको सदस्यसमेत भई अघि बढिरहेको छ ।




## संवाद शृङ्खला

अन्तर्राष्ट्रिय नारी दिवसको अघिल्लो दिन पारेर आत्मनिर्भर सेवा केन्द्र र नेसनल कलेजको समन्वयमा 'भूमि, जेन्डर, सम्पत्ति र अधिकार' विषयक संवाद शृङ्खला आयोजना गरिएको थियो । कृषिमा महिलाकरणबारे चिन्तनमनन गर्ने, खाद्यान्न उत्पादनमा महिलाको भूमिकाबारे छलफल गर्ने साथै हाम्रो नेपालका कानुनी प्रावधानहरूमा महिलाको स्थितिबारे जानकारी हासिल गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो । जसमा कानुनविद् दीनमणि पोखरेलले नेपालको कानुनमा महिलाको अधिकारबारे भएका प्रावधान जानकारी दिनुभएको थियो । पोखरेलले नेपालको संवैधानिक कानुनी ढाँचा लैङ्गिक न्यायका हकमा निकै नै प्रगतिशील रहेको तर लागु गर्नेतिर भने कोही पनि अग्रसर नभएको बताउनुभयो । यसका लागि सबै ठाउँबाट सबै नागरिकले दबाब दिन आवश्यक रहेको पनि बताउनुभयो ।

कल्पना कार्कीले महिला र भूमि अधिकारबारे गरिएका विभिन्न अभियानका साथै संयुक्त पुर्जा र ११ दिने पैदल यात्राबारे प्रस्तुति गर्नुभएको थियो । उहाँले संयुक्त पुर्जाको नीति सजिलोसँग आएको होइन भन्दै यो देशभरका हजारौं महिलाको साथ र सङ्घर्षले ल्याएको हुँदा यसलाई देशभर लागु गर्नुपर्ने बताउनुभयो । उहाँले यस्तो विषय प्राज्ञिक क्षेत्रबाट पनि कार्यान्वयनमा लग्नका लागि भूमिका खेल्नु आवश्यक रहेको बताउनुभयो । दश वर्षको अवधिमा नेपालका ५१.५० प्रतिशत महिला जनसङ्ख्यामध्ये १९.७१ प्रतिशत महिलाको भूमि र सम्पत्तिमा पहुँच वृद्धि भएको र यसमा भूमि अधिकार अभियानको ठूलो योगदान रहेको बताउनुभयो । कार्यक्रममा ५२ (२६ महिलासहित) जना सहभागी थिए ।



## प्राधिकरण प्रमुखद्वारा विस्थापित बस्ती भ्रमण

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र जिल्ला भूमि अधिकार मञ्चको समन्वयमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत प्रा.डा. गोविन्दराज पोखरेलले २०७३ चैत २ गते रसुवाको भूकम्प प्रभावित विस्थापित बस्ती भ्रमण गर्नुभयो । त्यस अवसरमा उहाँले अगुवा, स्थानीय राजनीतिक दल, सरकारी तथा गैरसरकारी कार्यालय प्रमुख तथा प्रतिनिधि र सञ्चारकर्मीलगायत सरोकारवालाको सहभागितामा पुनर्वास प्रक्रिया तत्काल अघि बढाइने बताउनुभयो ।

फागुन १८ गते राष्ट्रिय पुनर्निर्माण प्राधिकरण केन्द्रीय कार्यालय सिहंदरबार, काठमाडौंमा रसुवा जिल्लाबाट गएको सर्वपक्षीय डेलिगेसनका क्रममा ज्ञापनपत्र बुझ्दै १० दिनभित्र रसुवा पुगी विस्थापित बस्तीको पुनर्वास प्रक्रिया अघि बढाउनका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । सोहीअनुसार प्रमुख कार्यकारी अधिकृत डा.पोखरेल करिव १२ दिनपछि रसुवा पुग्नुभई विस्थापित बस्तीको अवलोकन गर्नुभएको हो । सोही क्रममा विस्थापितहरूलाई पुनर्वास गराउन प्रस्ताव गरिएको करिब ८२ रोपनी क्षेत्रफल भएको खाल्टेको समेत भ्रमण गरी पुनर्वासको प्रक्रिया अघि बढेको उद्घोष गर्नुभएको थियो । साथै सहयोगी संस्था कादुरी एग्रिकल्चर एड एसोसिएसनका निर्देशक एन्ड्रियू मिल्स र कादुरी हङकङका जुद्धबहादुर गुरुङ पनि रसुवा पुग्नुभई बस्तीको पुनर्वासका लागि सहकार्य गर्ने बताएका थिए । त्यसैगरी पुनर्निर्माण सद्भावना दूत सीताराम कट्टेल (धुर्मुस) ले पनि रसुवाका भूकम्पपीडित र विस्थापितहरूको पुनर्निर्माण प्रक्रियामा सहयोग गर्न लागिपर्ने बताउनुभएको थियो ।

प्रमुख जिल्ला अधिकारी चोमेन्द्र न्यौपाने र सांसद जनार्दन ढकालले जतिसक्दो चाँडो सरकारी तथा सङ्घसंस्था मिलेर विस्थापितहरूलाई पुनर्वास गराउनका लागि सहयोग गर्न आग्रह गर्नुभयो । हाल खाल्टेमा विस्थापित बस्तीको पुनर्वास गराउनका लागि समरिटिएन पर्सको सहयोगमा प्लटिङ गर्ने कार्य थालिएको छ ।




## अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

'आधा पुरुष आधा नारी, जमिनमा हक बराबरी' भन्ने मूल नाराका साथ ८ मार्च, २०१७ मा आत्मनिर्भर केन्द्रले विभिन्न जिल्लामा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइएको थियो। काठमाडौं, रसुवा, सिन्धुपाल्चोक तथा ओखलढुङ्गामा विभिन्न कार्यक्रम आयोजना गरी १०७ औं महिला दिवस मनाइएको हो।

अन्तर्राष्ट्रिय नारी दिवसकै दिन सञ्चारकर्मी तथा महिलाकर्मीहरूको उपस्थितिमा भूमि घरमा संयुक्त पुर्जा निर्माणसम्बन्धी वृत्तचित्र प्रस्तुत गरी सोही विषयमा छलफल गरी दिवस मनाइएको थियो। यो नीति ल्याउनका लागि गरिएको सङ्घर्षलाई स्मरण गर्ने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको थियो।

सिन्धुपाल्चोकको महाङ्कालमा अन्तर्राष्ट्रिय नारी दिवसमा ऱ्याली निकालिएको थियो भने संयुक्त पुर्जा बनाउने ६० जोडीलाई अभिनन्दन गरिएको थियो। उक्त कार्यक्रममा हेलम्बु, किउल, महाङ्काल, इचोक गाविस र मेलम्ची नगरपालिकाका करिब ५०० महिला सहभागी थिए।

ओखलढुङ्गामा 'महिला सम्मानको आधार, सिपयुक्त हात र रोजगार, अनि बदलिँदो परिवेशमा कामकाजी महिला, सन् २०३० सम्म बराबरी पाइला' भन्ने मूल नाराका साथ कार्यक्रम मनाइएको थियो। कार्यक्रममा महिला ८७ र पुरुष २१ (जसमा २ दलित, ७२ जनजाति महिला र ३४ अन्य) गरी जम्मा १०८ जनाको उपस्थिति थियो।

रसुवा जिल्लामा महिला अधिकारकर्मी, भूमि अधिकारकर्मी, जिल्लाका सरोकारवालाका प्रतिनिधिसहित करिब १३० जनाको सहभागितामा महिला अधिकार र महिलाको भूमि अधिकार, संयुक्त पुर्जा निर्माण अभियानको विषयमा छलफल गरी दिवस मनाइएको थियो।

## सहभागीमूलक पद्धति तालिम

गरिबी, सामाजिक अन्याय र जोखिमका मूल कारणहरूको पहिचान, जटिलता र अन्तर्सम्बन्धहरूको विश्लेषण गर्ने, सिप विकास गर्ने, गरिबी, वञ्चितीकरण र जोखिममा परेका व्यक्ति, परिवार, समूह र समुदायको पहिचान गरी सोको अन्तर्निहित कारणहरूको सम्बोधनका लागि रणनीति र योजना तयार गर्ने उद्देश्यले सामुदायिक आत्मनिर्भर केन्द्रद्वारा सिरहामा गरिबी, सामाजिक अन्याय र जोखिमका मूल कारणहरूको सम्बोधनका लागि सहभागीमूलक पद्धति तालिम वैशाख ६ देखि ९ गतेसम्म सञ्चालन गरियो।

तालिममा जिल्ला भूमि अधिकार मञ्च (ओखलढुङ्गा, उदयपुर, सिरहा, सप्तरी, महोत्तरी र आत्मनिर्भर केन्द्रका गरी जम्मा २६ जना (१० महिलासहित) सहभागी थिए।



तालिमको सहजीकरण आत्मनिर्भर केन्द्रका अभियान व्यवस्थापक कल्पना कार्कीले गर्नुभएको थियो।

तालिमको पहिलो दिन गरिबी मापनका लागि आवश्यक विधिबारे छलफल गर्नुका साथै सोहीअनुसार कार्यतालिका तयार गरिएको थियो। त्यसपछि नैनपुरको मुसहर बस्तीमा समुदायको सहभागितामा नमुना अभ्यासका रूपमा २५ घर समेट्ने गरी सामाजिक नक्सा, शक्ति नक्साङ्कन र विश्लेषण गरिएको थियो। उक्त विश्लेषणका आधारमा सामाजिक, आर्थिक, सांस्कृतिक र भौतिक विकासका हिसाबले सबैभन्दा पछाडि परेका चारवटा बस्ती (सोनापुर बस्ती टोल, बलुवा टोल, नैनपुर र नेगरुवाको शान्तिपुर) को छनोट गरी मापन, अभ्यास र विश्लेषण गरिएको थियो।

यी बस्तीमा धेरैजसो घरधुरी दलित समुदायका थिए र उनीहरू कृषि मजदूरका रूपमा कार्यरत छन्। यी बस्तीमा अझै पनि छुवाछूत तथा दाइजो लिनेदिने जस्ता कुप्रथा देखिन्छ। दलितको तुलनामा अन्य जातजातिका मान्छे अलि बढी सशक्त देखिएका थिए भने यी समुदायमा प्रत्येक घर बराबर १ युवा खाडी मुलुकमा काम गर्न जानका लागि ६० प्रतिशतसम्म ब्याज तिरेर ऋण लिन बाध्य भइराखेका छन् जसले गर्दा गरिब अझै गरिब बन्दै गएका छन्। उनीहरू लामो समयसम्म बाहिर बस्दा पनि ऋण तिर्न असमर्थ भइराखेको अवस्था छ।

## पृथ्वी दिवस मनाइयो

जिल्ला भूमि अधिकार मञ्च दाङको आयोजना तथा आत्मनिर्भर सेवा केन्द्र, अक्सफाम, लेन्डराइट नाउ र राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको सहआयोजनामा ४७ औं पृथ्वी दिवस राप्ती गाउँपालिका वडा नं. ७ सिर्जना बस्ती गाउँ भूमि अधिकार मञ्चमा भव्यताका साथ मनाइयो। छोट्की सिसहनियाँ गाउँबाट ऱ्याली सुरु भएर अर्नाहनपुर गाउँदेखि पूर्व मुक्त कमैया परिवारले उपयोग गर्दै आएको राप्ती नदी उकास जग्गासम्म पुगेको थियो। सहभागीहरू स्थानीय थारू भेषभूषामा थिए। जल जङ्गल मासिए, जमिन जति नासिए, रोपौं बिरुवा रोकौं बिगार, भूमि जीवन, भूमि आधार, पृथ्वी दिवस सफल पारौं, छुट कमैयाको पुनर्स्थापना गर, बसिरहेको जग्गा दर्ता गर, आधा पुरुष आधा नारी जमिनमा हक बराबरी जस्ता नारा लगाइएको थिए।

सिर्जना बस्तीमा ऱ्यालीमा पुगेर सिसौ, बकेना, जमुनाको गरी ५ वटा वृक्ष रोपण गरियो र २ कठ्ठा जग्गामा भिन्डी र बोडीको बीउ पनि रोपिएको थियो।

जिल्ला भूमि अधिकार मञ्च दाङकी अध्यक्ष निर्मला बिकको अध्यक्षता र राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका केन्द्रीय सदस्य मेघबहादुर बिसीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सहभागी भई बोल्नेहरूले पृथ्वी दिवसको अवसरमा माटोको महत्वबारे बोलेका थिए।

बढ्दो वन विनाश तथा वातावरणीय अनुकूलतालाई ख्याल नगर्दा प्राकृतिक प्रकोपबाट मानवलगायत अन्य प्राणीको अस्तित्व समाप्त हुन सक्ने अवस्था आउन सक्छ। यसैले माटोको सही उपयोग






गर्नुपर्छ भन्ने सन्देश दिन पृथ्वी दिवस मनाएका हौं। पृथ्वी दिवसको अवसरमा १० जना भूमिहीन तथा साना किसान महिला जसले आफ्नै सिप तथा श्रमबाट थोरै जग्गामा थोरै लगानीबाट तरकारी खेती, पशुपालन गरी आत्मनिर्भर बन्दैछन् उनीहरूलाई सम्मान गरियो। कार्यक्रममा महिला ५७, पुरुष २८, दलित महिला ३, दलित पुरुष १, जनजाति महिला ५३, जनजाति पुरुष २६, ब्राह्मण/क्षत्री महिला १, पुरुष १, मधेसी पुरुष १ गरी ८५ जना सहभागी थिए।

## भूमि घरका लागि जग्गा


ओखलढुङ्गा कुन्तादेवी-१ हाल मोलुङ गाउँपालिका-१ बस्ने गङ्गाबहादुर ढकाल खत्रीको परिवारले जिल्ला भूमि अधिकार मञ्चको भूमि घर निर्माण गर्नका लागि जग्गा दिनुभएको छ। गङ्गाबहादुर ढकाल खत्री र र उनकी श्रीमती होमकुमारी खत्रीको नाममा रहेको संयुक्त पुर्जाबाट कित्ता नं. १०७५ को ४ आना जग्गा जिल्ला भूमि अधिकार मञ्च, ओखलढुङ्गालाई राजीनामा पास गरी दिनुभएको हो। उक्त जग्गा पाएपछि जिल्ला मञ्चले भूमि घर निर्माण गर्ने योजना बनाइसकेको छ र भूमि घर निर्माण गर्नका लागि घडेरी खार्ने काम सकिएको छ।

हाल सरस्वती मा.वि. बुङ्नाममा कार्यरत शिक्षक ढकाल परिवारले स्वर्गीय पिता रत्नबहादुर ढकालको स्मृतिमा मञ्चलाई जग्गा उपलब्ध गराइएको बताएका छन्।

## संयुक्त पुर्जा बनाउने थपिए

जिल्ला भूमि अधिकार मञ्चहरूले आयोजना गरेको संयुक्त पुर्जा निर्माण गर्ने शिविरमा सहभागी भई विभिन्न जिल्लामा किसान जोडीहरूले संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् । यस क्रममा यस अवधिमा ओखलढुङ्गा, दाङ, बर्दिया, महोत्तरी, उदयपुर र रौतहटमा गरी ७६ जोडीले संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला र पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् । उनीहरूले १९.७८ हेक्टर क्षेत्रफलको जग्गामा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला र पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् ।

भूमि अधिकार मञ्चले सञ्चालन गरेको संयुक्त पुर्जा निर्माण अभियानमा सहभागी हालसम्म ४ हजार ८ सय ६ जोडीले संयुक्त पुर्जा निर्माण गरी १६४७.४६ हेक्टर क्षेत्रफल जमिनमा महिला र पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् । यो अभियान जिल्ला भूमि अधिकार मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको कार्यक्षेत्रका जिल्लाहरूमा नियमित सञ्चालन भइरहेको छ भने अन्य स्थानमा पनि विभिन्न सङ्घसंस्थाले पनि यो अभियानलाई अघि बढाइरहेका छन् ।



## दुर्गा दङ्गाल भन्छिन्- लालपुर्जा पाउँदा खुसी छु

म सिन्धुपाल्चोकको हेलम्बु-७, असीमुरेमा बस्छु । खेतमा काम गर्दै थिएँ । प्रहरी लिएर जग्गा धनी आए । म त छक्क परेँ मैले के त्यस्तो गल्ती गरेकी छु र यहाँ खेतमै प्रहरी आयो ? एकैछिनमा जग्गा धनीले यो जग्गा छोड् भन्दै धम्क्याउन थाल्यो र प्रहरीले मेलम्ची इलाका प्रहरी कार्यालयमा लगिहाल्यो ।

हामी मोही किसान हौं । ससुराको पालादेखि जोतखन र स्याहार संरक्षण गरेको जग्गा एकैछिनमा छोड् भन्दै धम्क्याउन थालेपछि के गरम् के गरम् भयो । उक्त जग्गामा खेती गरेबापत जग्गा धनीलाई वार्षिक ७ मुरी धान बुझाउने गरिएको थियो । जग्गा धनी बाठो रहेछ, धानचाहिँ बुझ्ने तर बुझिलिएको भर्पाई भने नदिने । प्रहरी कार्यालयमा कुत तिरेको प्रमाण मागेपछि पो झसङ्ग भएँ । मलाई प्रहरी कार्यालयमा लगेको थाहा पाएपछि भूमि अधिकार मञ्चका साथीहरू प्रहरी कार्यालयमै पुग्नुभयो । यसले मलाई अलिक साहस र आँट बढायो । उहाँहरूले यो मुद्दा चौकीमा होइन, हामी गाउँमै मिलाउँछौं भनेपछि प्रहरीले छाडिदियो । यसरी भूमि अधिकार मञ्चको सहयोग र सहजीकरणमा मैले आफ्नो मोही हकबापतको २ रोपनी ४ आना जग्गा लिन सफल भएँ । यसपछि लगत्तै मालपोत कार्यालय पुगी आफ्नै नाममा पास गरी ल्याएकी छु । मैले गत पुस २२, २०७३ मा जग्गाको लालपुर्जा लिएकी हुँ ।

मैले पछि थाहा पाएँ, मेरो विरुद्धमा जग्गाधनीमात्र होइन, केही छिमेकी पनि लागेका रहेछन्, मलाई त्यहाँबाट हक वञ्चित गराई उनीहरूले त्यो जग्गा लिन खोजेका रहेछन् । राति राति धम्क्याउने र तर्साउने पनि उनीहरू नै गर्दा रहेछन् । यो कुरा मैले आफ्नो गाउँ मञ्चमा पनि राखेको थिएँ । गाउँ मञ्चकै सहयोगमा मैले जग्गाको पुर्जा पाएकी हुँ । यसबाट म आफ्नो हक लिन पाएकामा ज्यादै खुसी भएकी छु ।

२०६६ सालमा श्रीमान्को मृत्यु भयो । छोरीको विवाह भयो । भएको एउटा छोरो हराएको छ । कता छ ? थाहा छैन । जब म एक्लो भएँ, साहू र छिमेकीले समेत हेप्न थालेको महसुस गरेँ । यो विषय मैले गाउँ भूमि अधिकार मञ्चमा पनि जानकारी गराएकी थिएँ । उहाँहरूले केही हुँदैन, नआत्तिनु भन्नुभएको थियो । त्यसैले म आफूलाई सुरक्षित महसुस गर्थें ।

म २०६६ सालदेखि असीमुरे गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित छु । सङ्गठनमा भएको कारण आज मेरो जग्गाको हक अधिकार सुरक्षित भएको छ । सङ्गठनकै कारण धेरै किसान सुरक्षित महसुस गरिरहेका छन् । र किसान सदस्यमा पनि विश्वास बढ्दै गएको छ । म त गाउँ मञ्चमा निरन्तर सङ्गठित हुने र म जस्ता पीडित सदस्यको भूमि हक सुरक्षित गर्नका लागि सहयोग गर्ने अठोट पनि लिएकी छु ।

प्रस्तुति : माधवप्रसाद ढकाल

नेपाल सरकार (मा. मन्त्रिस्तर) बाट
मिति २०७४/१/ २५ मा स्वीकृत

# संयुक्त जग्गाधनी दर्ता प्रमाण पुर्जा जारी गर्नेसम्बन्धी प्रक्रिया (विधि), २०७४

प्रस्तावना : संयुक्त जग्गाधनी दर्ता प्रमाण पुर्जा दिने व्यवस्थाको कार्यान्वयनमा सहजता ल्याई महिला सशक्तीकरणमा टेवा पुऱ्याउन आवश्यक देखिएकाले बजेट वक्तव्यको प्रावधानबमोजिम भूमि सुधार तथा व्यवस्था मन्त्रालयको यो कार्यविधि बनाएको छ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम 'संयुक्त जग्गाधनी दर्ता प्रमाण पुर्जा जारी गर्ने सम्बन्धी कार्यविधि, २०७४' रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्राम्भ हुनेछ।

**२.परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) 'संयुक्त पुर्जा' भन्नाले जग्गाको विवरणसहित पति-पत्नी दुवैको नाम र फोटो भएको मालपोत कार्यालयबाट जारी गरिएको जग्गाधनी दर्ता प्रमाण पुर्जा सम्झनुपर्छ।

(ख) 'मन्त्रालय' भन्नाले भूमि सुधार तथा व्यवस्था मन्त्रालय सम्झनुपर्छ।

(ग) 'कार्यालय' भन्नाले सम्बन्धित जिल्ला वा क्षेत्रको मालपोत कार्यालय सम्झनुपर्छ।

**३. संयुक्त पुर्जा प्राप्त गर्न सगोलनामाको लिखतसहित निवेदन दिनुपर्ने :** (१) संयुक्त पुर्जा लिन चाहने पति र पत्नीले संयुक्त पुर्जा पाउँ भनी अनुसूची १ मा तोकिएको ढाँचामा सगोलनामाको लिखतसहित अनुसूची २ मा तोकिएको ढाँचामा सम्बन्धित कार्यालयमा आर्थिक ऐनले तोकेबमोजिमको दरको टिकट टाँसी निवेदन दिनुपर्नेछ।

(२) यस्तो सगोलनामाको लिखत र निवेदन सम्बन्धित निवेदक स्वयम्ले वा लेखापढी कानुन व्यवसायीले तयार गर्न सक्नेछन्।

**४. निवेदन साथ संलग्न हुनुपर्ने कागजात :** (१) दफा ३ बमोजिमको निवेदन साथ देहायअनुसार कागजात संलग्न गर्नुपर्नेछ :

(क) सगोलनामाको लिखत

(ख) पति-पत्नी दुवैको नागरिकताको प्रतिलिपि

(ग) पति वा पत्नीको नाममा रहेको जग्गाको सक्कल प्रमाणपुर्जा

(घ) चालु आर्थिक वर्षको मालपोत र घर जग्गा कर तिरेको रसिदको प्रतिलिपि

(ङ) विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि वा नाता प्रमाणित प्रमाणप्रत्रको प्रतिलिपि

(च) सगोलनामा प्राप्त गर्ने पति वा पत्नी वा दुवैको हालसालै खिचेको फोटो

**५. निवेदनको छानबिन र सनाखत गर्ने :** (१) दफा ३ बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले देहायबमोजिम छानबिन गर्नेछ-

(क) मोठ स्रेस्ता काय रहेको

(ख) रोक्का नरहेको

(ग) नाता प्रमाणित प्रमाणपत्र वा विवाह दर्ता प्रमाणपत्र संलग्न रहेको

२) उपदफा (१) बमोजिम कागजात र मोठा रोक्का भिडाउँदा ठीक ठहरे फाँटवालले देहायका कार्य गर्नेछ-

(क) निवेदनमा पति पत्नीको सनाखत गराउने

(ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि सङ्कलकसँग भिडाइ प्रतिलिपिको पछाडिपट्टि सम्बन्धित व्यक्तिलाई सही गराउने

(ग) नाता प्रमाणित प्रमाणपत्र वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपिको पछाडिपट्टि दुवै जनालाई सही गराउने

**६. संयुक्त पुर्जाको सगोलनामा पारित गर्ने :** कार्यालयमा प्राप्त निवेदनउपर दफा ५ बमोजिम छानबिन र सनाखत भएपछि सम्बन्धित फाँटबाट संयुक्त लिखत पारितका लागि पेश गनुपर्नेछ। यसरी पेश हुन आएको लिखत पारित गरी कार्यालयले संयुक्त पुर्जा दिनेछ।

**७. संयुक्त पुर्जा दस्तुरसम्बन्धी व्यवस्था :** (१) दफा ६ बमोजिम सगोलनामा लिखत पारित गर्दा आर्थिक ऐनले तोकेबमोजिमको दस्तुर लाग्नेछ।

**८. संयुक्त पुर्जा तयार गर्ने :** दफा ६ बमोजिम सगोलनामा पारित भएमा सम्बन्धित कर्मचारीले हालको जग्गा धनी (पति/पत्नी वा दुवै) को हालसालै खिचेको फोटो कायम रहेको जग्गाधनी दर्ता स्रेस्ता र पुर्जामा टाँस गरी पति वा पत्नीको नागरिकता नम्बर जारी भएको मिति र जिल्ला, लिखत नम्बर, सगोलनामा पारित मिति जनाउनुपर्नेछ।

**९. अभिलेख अद्यावधिक गर्ने :** दफा ८ बमोजिम तयार भएका संयुक्त स्रेस्ता तथा पुर्जाको विवरण कम्प्युटर प्रणाली वा ीच्क्ष्क मा समेत अद्यावधिक गर्नुपर्नेछ।

**१०. स्थलगतलरूपमा सनाखत गर्न सकिने :** कुनै गाउँपालिका वा नगरपालिकाको कुनै वडाबाट संयुक्त जग्गाधनी पुर्जा कायम गरीपाउँ भनी पति पत्नीको बीसभन्दा बढी संयुक्त निवेदन पर्न आई ती निवेदनमा दफा ४ बमोजिम कागजात संलग्न रहेको र दफा ५ को (१) बमोजिम छानबिन गर्दा रित पुगेको देखिए सेवाग्राहीको सहजताका लागि कर्मचारी खटाई स्थलगतरूपमा दफा ५ को (२) बमोजिमका कार्यहरू गर्न सकिनेछ।

११. भूमिहीन, मुक्त कमैया, मुक्त हलियालाई उपलब्ध गराउने जग्गामा संयुक्त पुर्जा दिनुपर्ने : नेपाल सरकारको नीतिबमोजिम भूमिहीन, मुक्त हलिया, मुक्त कमैया जस्ता विपन्न वर्गलाई जग्गा उपलब्ध गराउने भनी अधिकार प्राप्त निकायबाट निर्णय भई जग्गाको स्वामित्व उपलब्ध गराउँदा पति पत्नीको नाममा संयुक्त जग्गा धनी प्रमाण पुर्जा तयार गरी प्रदान गरिनेछ। तर अविवाहित वा एकल महिला वा पुरुषको हकमा यो दफा लागु हुने छैन।

१२. संयुक्तमध्येका १ जनाको नाममा एकल पुर्जा कायम गर्न सकिने : संयुक्त जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेका पति वा पत्नी कुनै एक जनाको मृत्यु भई जीवित अर्कोले मृत्यु दर्ता प्रमाणपत्रसहित एकल कायम गराउन निवेदन दिएमा कार्यालयले सो बेहोरा जनाई नियमअनुसार शुल्क लिई एकल पुर्जा कायम गरिदिनुपर्नेछ। साथै पति पत्नीबीच विवाद भई अदालतबाट हक, हिस्सा हटाइदिन भनी निर्णय भएमा सोहीबमोजिम हुनेछ।

**१३ . कार्यविधिको व्याख्या र परिमार्जनसम्बन्धी व्यवस्था :** (१) यस कार्यविधिमा नपरेका वा बाझिएका विषयमा जग्गा प्रशासन निर्देशिका २०५८ र जग्गा प्रशासन कार्यविधिहरूमा व्यवस्था भएबमोजिम हुनेछ।

(२) नेपाल सरकारको संयुक्त पुर्जासम्बन्धी नीतिमा आउने परिवर्तनअनुसार मन्त्रालयले यस कार्यविधिमा आवश्यक परिमार्जन गर्नसक्नेछ।

गुठी जग्गाको मोही पुर्जा वितरण कार्यक्रमको झलक ।





